

निशुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक

दैनिक

epratekdaily.com



बालबालिका हराएमा, बेवारिस फेला परेमा, निशुल्क टेलिफोन नम्बर १०४ मा फोन गरौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग



❖ वर्ष ३४ ❖ २०७७ फागुन १८ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2021 March 02 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १८६


# कृषिजन्य अनुदान उपकरणमा किसानको चासो भएन

प्रस, परवानीपुर, १७ फागुन/

आधुनिक युगमा खेती किसानी गर्न दैनिक ज्यालादारीमा कामदारहरू सहजै



कृषि ज्ञान केन्द्र पर्सा । तस्वीरः प्रतीक

पाउने अवस्था छैन, जसको कारण कृषिमा यान्त्रीकरणको विशेष महत्त्वपूर्ण योगदान छ । तैपनि पर्सा जिल्लाका किसानहरू अनुदानको सुविधा उपभोग नगरी आफ्नै लगानीमा कृषिजन्य यन्त्र खरीद गर्छन् ।

कृषि ज्ञान केन्द्र पर्साका अनुसार विगत एक महीनादेखि विभिन्न शीर्षकमा अनुदान सुविधाको लागि १२/१३ वटा सूचना प्रकाशित गर्दा पनि किसानहरूको आकर्षण देखिएको छैन । केन्द्रका निमित्त प्रमुख मुनीलाल प्रसादका अनुसार चालू आवमा कृषि यान्त्रीकरण शीर्षकमा विकासको क्षेत्रमा रु ४ करोड ४० लाख बजेट भए तापनि किसानहरूको न्यून सहभागिताले गर्दा ठूलो रकमको बजेट फ्रिज हुने अवस्थामा पुगेको छ । उनका अनुसार किसानहरूले अनुदानको सुविधा उपभोग गर्न श्रमदानको रकम दिने डरले निवेदन नदिने गरेको र निवेदन नदिंदा छनोट प्रक्रियाबाट वञ्चित हुँदै अनुदान सुविधा खेर जाने अवस्था सृजना भएको छ ।

उनले भने, "सरकारले किसानका लागि ट्याक्टरमा जोडेर प्रयोग गर्ने थुप्रै यन्त्रहरू जस्तै हैरो, कल्टिभेटर, फार, लेभलर, थ्रेसर, स्वचालित रिपर, बोरिङ (स्यालो ट्यूबवेल)लगायतका लागि सूचना प्रकाशित गरेको छ । तर फाटफुट किसानले मात्र निवेदन दिएका छन् ।"

श्रमदानको रकम दिने डरले निवेदन नदिंदा बजेट नै फ्रिज हुने अवस्था आएकोले सम्पूर्ण किसानलाई समयमैं निवेदन दिन उनले अपील गरे । उनका अनुसार किसानले श्रमदान रकमको डरले निवेदन दिंदैनन् तर त्योभन्दा महँगो मूल्यमा निजी पसलबाट यन्त्र खरीद गर्ने रवैया दुःखदायी भएको जानकारी गराए । यस्तै, प्राविधिक तथा पूर्वप्रमुख डा यादवको उदासीनताका कारण करीब रु १४ करोडको बजेट पोहोर साल पनि फ्रिज भएको कृषि ज्ञान केन्द्र पर्साका कर्मचारी बताउँछन् ।

निवेदन दिंदा करीब १ बिघा जग्गाको लालपुर्जा, नागरिकताको प्रतिलिपि र ट्याक्टरमा लाग्ने उपकरणको हकमा ट्याक्टरधनीको ब्लुबूक आवश्यक पर्छ तर यी सबै कुराका बारेमा सर्वसाधारण किसानलाई ग्रामीण भेगमा सही समयमा सही सूचना नपुग्दा उनीहरू निवेदन दिनट हिचकिचाउने गरेको बताइन्छ ।

श्रमदानको रकम पचास प्रतिशतदेखि पचहत्तर प्रतिशतसम्म रहने गर्दा रीतपूर्वक निवेदन दिएर सेवा उपभोग गर्न आउने किसानहरूले कम्तीमा आधा मूल्यबराबर अनुदान सहयोग पाउने भए तापनि उनीहरू यो सेवाबारे गम्भीर नभएको केन्द्रका निमित्त प्रमुख मुनीलाल प्रसादको भनाइ छ ।

केन्द्रले बोरिङ (स्यालो ट्यूबवेल), कृषि यान्त्रीकरण, फलफूल तथा तरकारी बजारीकरण, बीउबिजन, हाटबजार शुद्धीकरण, पर्यावरण, ग्रेडिङ-प्याकेजिङ, गोदाम व्यवस्थापन तथा किसानलाई उपयुक्त तालीम र मरम्मत सम्भार जस्ता शीर्षकमा बजेट रहेको बताएको छ ।

## केन्द्रको गाडी पूर्वप्रमुखले लगे

कृषि ज्ञान केन्द्र पर्साको प्रमुख चढ्ने गाडी तत्कालीन प्रमुख डा रामचन्द्र यादवले लिएर गएका छन् । करीब ६ महीनाअघि सरुवा भएर कृषि ज्ञान केन्द्र महोत्तरीमा जाँदा उनले प्रपञ्च रचेर आफूसँगै उक्त गाडी लिएर गएको कृषि ज्ञान केन्द्र पर्साले गुनासो गरेको छ ।

प्रदेश सरकार मातहत भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री शैलेन्द्र साह र सो मन्त्रालयका सचिवको मिलेमतोमा प्रमुख चढ्ने पिकअप भ्यान उनले महोत्तरी लगेका हुन् । मन्त्रालयका सचिवलाई मिलाएर मन्त्रीको निर्देशनमा उक्त गाडी सरुवा भएर जाँदा हस्तान्तरण गराएको केन्द्र पर्साका निमित्त प्रमुख मुनीलाल प्रसादले आरोप लगाए । उनले भने, "हाकिम साहबको तानाशाही प्रवृत्तिका कारण कृषि ज्ञान केन्द्र पर्साको सम्पत्ति भए तापनि उनले निजी स्वार्थको लागि गाडी महोत्तरी लगेका हुन् । यसमा प्रदेश सरकारको ध्यान जान जरुरी छ र गाडी जसरी पनि फिर्ता गर्नुपर्छ ।"

अहिले कार्यालयमा गाडी नहुँदा पुरानो गाडी मरम्मत गरेर उपयोग गर्नुपरेको र यात्रा गर्न र फिल्डमा जान समस्या भएको उनले बताए ।

# शिक्षकहरूलाई असारसम्मको तलब अग्रिम भुक्तानी

प्रस, रौतहट, १७ फागुन/

गढीमाई नगरपालिकाले शिक्षकहरूलाई आगामी असार महीनासम्मको अग्रिम तलब दिएको छ ।

नगरपालिकातर्फबाट स्वास्थ्य सेवा, पशु सेवा र आयुर्वेद सेवामा कार्यरत स्थायी कर्मचारीलाई फागुन मसान्तसम्मको र शिक्षकहरूलाई २०७८ असार महीनासम्मको एकमुस्ट तलब खातामैं राखिएको लेखापाल कामेश्वर सहनीले जानकारी दिए । उनले शिक्षकहरूको मनोबल बढाउन चार महीनाको तलब अग्रिम भुक्तानी गरिएको बताए । प्रत्येक महीना तलब दिनुपर्ने भएपनि नगरपालिकाले आफ्ना शिक्षकहरूलाई आगामी असार महीनासम्मको रकम अहिले नै खातामा पठाएको लेखापाल सहनीले बताए । स्थानीय सरकारको अभ्यास प्रारम्भ भएको बेला कर्मचारी र शिक्षकहरूलाई सरकारको अनुभूति गराउन यस्तो गरिएको उनले बताए ।

रौतहटमा निर्वाचित जनप्रतिनिधिहरूबीचको आन्तरिक विवादका कारण अधिकांश स्थानीय तहका कर्मचारीहरूले तलबभत्ता समयमैं पाउँदैनन् । गुजरा, फतुवाविजयपुर, राजदेवी नगरपालिकामा तलब लिन कर्मचारीहरूले आन्दोलन गर्नुपर्ने अवस्था सृजना भएको थियो । काम गर्ने तर तलब समयमैं नपाउने अवस्थाले कर्मचारीहरूको मनोबल खस्किंदै गएको छ । यस्तो झन्झटबाट छुटकारा पाउन गढीमाई नगरपालिकाले अघिल्लो चार महीनाको शिक्षकहरूको तलब खातामा पठाएको लेखापाल सहनीले जानकारी गराए ।

# प्रेस सङ्गठन पर्साको संयोजकमा बन्जारा

प्रस, वीरगंज, १७ फागुन/

नेकपा ओली पक्षीय प्रेस सङ्गठन पर्साको संयोजकमा श्याम बन्जाराले जिम्मेवारी पाएका छन् । महासङ्घ पर्साका अध्यक्ष र प्रेस चौतारी पर्साका पूर्वअध्यक्षसमेत रहेका बन्जारालाई प्रेस सङ्गठन प्रदेश २ ले जिल्लाको जिम्मेवारी सुम्पिएको हो ।



सङ्गठन प्रदेश २ का इन्चार्ज लालबाबू शेख र प्रदेश संयोजक फणि महतले सोमवार हस्ताक्षर गरेको पत्रमा सङ्गठनको पर्सा शाखा संयोजकको जिम्मेवारी बन्जारालाई दिएको उल्लेख छ । नेकपा विभाजनसँगै सो पार्टीनिकट सञ्चारकर्मीहरूको सङ्गठन प्रेस सङ्गठनमा पनि विभाजन शुरू भएको हो । तत्कालीन एमालेनिकट प्रेस चौतारी र नेकपा माओवादी केन्द्रनिकट क्रान्तिकारी पत्रकार सङ्घ मिलेर प्रेस सङ्गठन गठन भएको थियो । सङ्गठन पर्साको संयोजकमा नीरज पीठाकोटे मगरले जिम्मेवारी पाएकोमा हाल पार्टी विभाजनपछि पीठाकोटे प्रचण्ड-माधव समूहमा लागेको र आइतवार जनकपुरमा छुट्टै कार्यक्रमसमेत गरेपछि ओली पक्षले उनलाई सङ्गठनको संयोजकबाट हटाएको हो । सङ्गठन एकीकृत हुँदाको अवस्थामा प्रदेश २ इन्चार्ज रहेका शेख र प्रदेश संयोजक महत भने ओली पक्षमा क्रियाशील छन् ।

एक/दुई दिनभित्रै सङ्गठनको पर्सा जिल्ला कमिटी विस्तार गरिनुका साथै प्रदेशको रिक्त स्थानमा पनि पूर्ति गरिने पर्सा संयोजक बन्जाराले बताए ।

# १२४ वटा पक्की घर हस्तान्तरण

प्रस, जनकपुरधाम, १७ फागुन/

घरबारविहीन १२४ परिवारलाई सोमवार धनुषामा पक्की घर हस्तान्तरण





गरिएको छ । जनता आवास कार्यक्रम अन्तर्गत दुई कोठाको पक्की घर निर्माण गरेर हस्तान्तरण गरिएको हो ।

सङ्घीय सरकारको आर्थिक लगानीमा प्रदेश नं २ सरकारले घर निर्माण गरी प्रदेश नं २ का भौतिक पूर्वाधार तथा विकासमन्त्री जीतेन्द्र सोनलले हस्तान्तरण गरिएको हो ।

वर्षौंदेखि समस्यामा परेका जनकपुरधाम उपमहानगरपालिका वडा नं २३ लादोवेला, विन्धी, बसहियाका अति दलित मुसहर जातिलाई घर हस्तान्तरण गरिएको हो । तयारी घर पाएपछि अति दलित समुदायले खुशी प्रकट गरे ।

प्रदेश नं २ का डोम, हलखोर, मुसहर तथा मेस्तरका ४ हजार घर निर्माण गरेर हस्तान्तरण गरिसकेको मन्त्री सोनलले बताए ।

आर्थिक वर्ष २०७५/७६ र २०७६/७७ दुई आर्थिक वर्षमा धनुषा जिल्लामा ७ सय २४ जनासँग सम्झौता भएकोमा अहिलेसम्म २ सय ८१ वटा घरको निर्माण भएको र ४ सयवटा घर निर्माण जारी रहेको सो कार्यक्रममा जनता आवास कार्यक्रम धनुषाका संयोजक तथा प्रदेशसभा सदस्य परमेश्वर साहले जानकारी दिए ।

धनुषाको बसहियामा निर्माणको क्रममा ३४ वटा घरमा अदालतमा मुद्दा परेकाले रोकिएको डिभिजन इन्जिनियर

(बाँकी अन्तिम पातामा)

# पुस्तैनी मिठाइपसललाई विस्तार गर्दै वीरगंजका तीन दाजुभाइ

प्रस, परवानीपुर, १७ फागुन/

मधेस आन्दोलन र नाकाबन्दीको समयमा वीरगंजमा उद्योग-व्यवसाय गर्न समस्या भएको भन्दै व्यापारी समुदायका नयाँ पुस्ताहरू काठमाडौं, बुटवल, विराटनगर, दिल्ली, गुजरात, राजस्थानमा स्थानान्तरण भइसकेका छन् तर वीरगंजको एक मिठाइपसलका तीनजना दाजुभाइले मिठाइ व्यवसायलाई नयाँ सिराबाट अगाडि बढाएका छन् ।

वीरगंज-२ छपकैया निवासी रामजी साह सोनारका छोरा ३८ वर्षीय पप्पु सर्राफ, ३३ वर्षीय निपु सर्राफ र २८ वर्षीय दीपु सर्राफ मिलेर मिठाइ व्यवसायलाई अगाडि बढाएका छन् । १४ वर्षअघि यी दाजुभाइले हेटौंडाको टिसिएन रोडमा अनमोल स्वीट्स खोलेका थिए । वीरगंजमैं कलेजको अध्ययन पूरा गरेका तीनजना दाजुभाइमध्ये शुरूमा माइलो निपु सर्राफले करीब रु ५० लाखको लगानीमा हेटौंडामा अनमोल स्वीट्स खोलेका थिए । त्यसपछि हेटौंडामैं होटल सूर्यांश र रफ एन्ड टप रेस्टुरेन्ट पनि सञ्चालनमा ल्याए । अनमोल स्वीट्ससँगसँगै होटल सञ्चालनमा आएपछि उनलाई दूधको आवश्यकता पऱ्यो । त्यसपछि हेटौंडामा उनले करीब

(बाँकी अन्तिम पातामा)




सञ्चालक सर्राफ दाजुभाइ, हेटौंडा र वीरगंजस्थित अनमोल स्वीट्स पसल र होटल । तस्वीरः प्रतीक

मनुष्य जीवनको सबैभन्दा ठूलो उपलब्धि भावनाको परिष्कार नै हो ।

-विचारसार र सूक्तिहरू

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

## नचिनेको सिम्रौनगढ

बाराको सिम्रौनगढ–४ हरिहरपुरमा ऐतिहासिक महत्त्वको मूर्ति फेला परेको छ । यो क्षेत्र आफैंमा प्राचीन सांस्कृतिक महत्त्वको स्थल हो । यसमा पनि थप ऐतिहासिक महत्त्वको मूर्ति फेला परेको छ । ऐतिहासिक यस अर्थमा कि यहाँ हालसम्म फेला परेका मूर्तिहरूभन्दा पछिल्लोपटक फेला परेको मूर्तिको आकार ठूलो छ । निजी जग्गामा पोखरी खन्ने क्रममा जमीनको सतहभन्दा करीब ७ फिटमुनि उक्त मूर्ति फेला परेको हो । कालो पत्थरले बनेको भगवान् विष्णुको मूर्ति जेसिबीले खन्ने क्रममा टुक्रा परेको छ । मूर्तिको कलाकृति शैली हेर्दा १३औं शताब्दीभन्दा पहिलेको हुन सक्ने अनुमान गरिएको छ, तर यस विषयमा तथ्यगत एवं वैज्ञानिक परीक्षण हुन बाँकी छ । मानव सभ्यताको खोज तथा अनुसन्धान गर्ने क्रममा विश्वमा आज ठूलो धनराशि खर्च गरिरहेको छ । बितेका दिनमा के थियो र त्यस अवधिदेखि पहिले वा पछि के भयो ? मानिसको कौतुहलता छ । पहिलेका घटनाक्रमहरूबारे वास्तविकता जानकारी भए मात्रै सोही आधारमा पछि आउने समयको अनुमान लगाउन सकिन्छ । सोही आधारमा पछि हुने सम्भावित घटनाको सामना गर्न मानवले पूर्वतयारी गरिरहेको हुन्छ ।

यस मामिलामा हाम्रो मुलुक धेरै पछि छ । सिम्रौनगढ जस्तो मानव सभ्यताको खोज अनुसन्धान गर्न सहज प्राचीन सम्पदा अन्य मुलुकहरूमा भइदिए उनीहरूले आफूलाई भाग्यमानी ठान्ने थिए र विश्वमा आफ्नो मुलुकको शिर उँचो पार्ने थियो । काठमाडौं उपत्यकामा मानव बसोबासभन्दा पहिलेदेखि नै सिम्रौनगढमा मानव बसोबास गरिसकेको थियो । उपत्यकाका तत्कालीन राजाहरूले समेत गर्व गर्ने सिम्रौनगढको सम्मानमा यहाँका कलाकृति अङ्कित मुद्रासमेत भक्तपुरका राजाले चलाएका थिए । नेपालको प्राचीन राजवंश गोपाल 'गुप्ता' वंशभन्दा पनि पुरानो 'विदेह गणराज्य' अर्थात् मिथिला राज्यकालमैं सिम्रौनगढ उर्वरा अनि घना र धार्मिक भूमिको रूपमा विकास भइसकेको थियो । यो प्रतापी, तेजस्वी, धार्मिक, ऐतिहासिक, भौगोलिक एवं प्राकृतिकरूपमा प्रख्याती कमाएको भूमि भएकोले पछि कर्नाटवंशी राजाहरूले सन् १०९७ मा राज्य स्थापना गरे र करीब तीन सय वर्ष शासन गरेका थिए । पौराणिक तथ्य, लोकोक्ति एवं किंवदन्तीहरूलाई प्रमाणित गर्ने आधारहरूको खोजी हुनुपर्छ । त्यो प्रमाण सिम्रौनगढमा यत्रतत्र सर्वत्र बोलिरहेको छ । यसलाई बुझ्ने र चिन्ने प्रयास भएको छैन ।

सिम्रौनगढ क्षेत्रमा भूमिको भौतिक संरचना परिवर्तन गर्ने किसिमका सबै क्रियाकलाप तत्काल बन्द गरिनुपर्छ । आवश्यक परे भूमि अधिग्रहणसमेत गर्नुपर्छ । विश्वको ध्यानाकर्षण गराउन सक्ने सम्पदा हातमा भएर पनि चाल नपाउने हाम्रो मुलुकले अझैसम्म सिम्रौनगढको संरक्षण, विकास र खोज अनुसन्धान तथा पर्यटन प्रवर्धनको गुरुयोजना बनाउन सकेको छैन । माटो माथिबाट हेर्दा जमीनभित्रका वस्तु पत्ता लगाउन सक्ने यन्त्रको विकास भइसकेको छ । विज्ञान प्रविधिले कुनै पनि वस्तु यति वर्ष पुरानो भन्ने कुरा सहजै बताइदिन्छ । तर यस्तो कुनै पनि प्रयास भएको छैन । महत्त्वपूर्ण त सिम्रौनगढको नाम नामेट हुनेगरी पोखरी खनिंदै छ । प्राचीन सम्पदा नष्ट हुनेगरी जमीनको सतह परिवर्तन गरिंदै छ, र तीनै तहका सरकार मूकदर्शक बनेका छन् । सिम्रौनगढलाई चिन्न र चिनाउन सके यहाँका बासिन्दालाई मात्रै होइन, यो मुलुकलाई नै यसले समृद्ध बनाउन सक्छ । त्यसको लागि मुलुक र मुलुकवासी ब्यूँझन सक्नुपर्छ ।

# वर्तमान राजनीतिक र इन्दिरा गाँधीको सरकार

वर्तमान संविधान अनुसार गठन भएको वर्तमान बहुमतीय सरकार चौतर्फी दबाबमा परेको छ । प्रधानमन्त्री केपीशर्मा ओली प्रधानमन्त्री बनेको केही समयपछि नै उनको आफ्नै पार्टीबाट असहयोग हुन थाल्यो । जसको सामना गर्न निकै कसरत गरियो । आफ्नै पार्टीको एकता जोगाउन नसकेपछि अन्य दललाई पनि विभाजन गरी सरकार बचाउने अध्यादेश पनि ल्याइयो, जसको चौतर्फी आलोचना भएपछि फिर्ता लिइयो । शक्ति सन्तुलनको पनि प्रयास भयो । विपक्षी दललाई पनि साथ लिने रणनीति चलाइयो तर केही नलागेपछि अन्त्यमा पुस ५ गते संसद् नै विघटन गरियो । जसले विवादलाई चर्मोत्कर्ष अवस्थामा मात्र ल्याएन, विवाद अदालतसम्म पुग्यो । जसको निर्णय यसै हप्तामा आई प्रधानमन्त्री एवं राष्ट्रपतिको कदमलाई असंवैधानिक घोषणा भएको छ र १३ दिनभित्र संसद्को बैठक बोलाउनै पर्ने आदेश आएको छ ।

सरकार र प्रधानमन्त्रीको कदम असंवैधानिक घोषणा हुने बित्तिकै नैतिकताको आधारमा राजीनामा दिनुपर्नेमा अझै सरकार छोड्ने मनस्थिति देखिएको छैन । विरोधी शक्तिहरू कसलाई प्रधानमन्त्री बनाउने रणनीतिमा लागेपछि संसद्मा सांसदहरूको तानातान हुने निश्चित छ । यस अवस्थामा नयाँ सरकारको गठन निश्चित भएपनि सहज देखिन्न । यस्तो रस्साकसीमा बन्ने सरकार जोसुकैको बने पनि वर्तमान सरकारभन्दा पृथक होला भनी मान्ने आधार छैन । विगतकै सरकार जस्तो आउने सरकारको पनि अवस्था उस्तै रह्यो भने जनतालाई प्राप्त उपलब्धि शून्य हुनै छ, परिवर्तन संस्थागत गर्ने चुनौती विगतजस्तै नै रहनेछ । फेरि समीकरण बिग्रने अवस्था आउन सक्छ । जुन जनताले चाहेको छैन । जनतालाई त मूलभूतरूपमा शान्ति, समृद्धि एवं परिवर्तन संस्थागतको चाहना नै छ । संविधान सफलताको अपेक्षा छ । जुन पार्टीहरूबीचको अन्तरविरोधले हुन सक्दैन ।

विश्व अनुभव पनि हेर्दा परिवर्तन लगत्तै बनेको सरकार निर्विवाद हुनुपर्छ । जस्तै भारतको स्वतन्त्रतापछि जवाहरलाल नेहरू लगातार १७ वर्ष प्रधानमन्त्री रहेका थिए भने अमेरिकामा जर्ज वाशिङ्टन दुई कार्यकालसम्म निर्विवाद राष्ट्रपति बने । दक्षिण अफ्रिकामा लामो समयसम्म नेल्सन मण्डेला राष्ट्रपति बनिरहे । फलस्वरूप परिवर्तनको जग मजबूत भयो । यसको एकमात्र कारण के थियो भने दलहरूको बीचमा खासै विवाद थिएन । पक्ष र विपक्ष दुवैको उद्देश्य परिवर्तन संस्थागत गर्नु नै थियो ।

हाम्रो समस्या के छ भने हाम्रा नेता तथा दलहरू परिवर्तन संस्थागतभन्दा आफ्नो स्वार्थलाई महत्त्व दिन्छन् । अहिले सरकारउपर सर्वोच्च अदालतको फैसलाको वैधानिक दबाब त छ नै दलीय तथा नागरिक दबाब पनि कम छैन । नागरिक समाजलगायतबाट पनि दबाब भएकोले सरकार अहिले चौतर्फी दबाबमा छ ।

हामीकहाँ त यस्ता कुराको कुनै मतलब नै हुँदैन । अन्तरिम आदेश जारी भएपनि आंशिक भयो, जसमा सर्वोच्च अदालतको फैसला नआएसम्म प्रधानमन्त्रीको पदमा काम गर्न पाउने तर सांसदको रूपमा कुनै भूमिका निर्वाह १९६२ मा चीनसँग भएको हारको भरपाई पनि पूरा भयो । विश्वभरि इन्दिरा गाँधीको रवाफ बढ्यो । गोलकनाथ मुद्दामा अदालतको फैसलाबाट पाएको झटकाको पनि भरपाई हुन थाल्यो । सन् १९७२ मा भएको विधानसभा चुनाव चार

स्वतन्त्र विचार



अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com

**यसैगरी, हाम्रो अदालतले पनि दुईवटा अङ्गहरूबाट परिवर्तन संस्थागतमा हुन गएको कमजोरीलाई सच्याउने काम गरी पुनः संविधानको मर्म अनुसार अगाडि बढ्ने अवसर दिएको छ । यसर्थ सबैले आआफ्नो कमजोरीको समीक्षा गर्दै परिवर्तनलाई संस्थागत गर्नेतर्फ देश र जनतालाई केन्द्रमा राखी कर्तव्य निर्वाह गर्नुपर्छ ।**

ठीक यसैगरी सन् १९७२ देखि १९७५ सम्म भारतीय प्रधानमन्त्री इन्दिरा गाँधीको सरकारउपर परेको थियो । उक्त बेलामा गुजरात र बिहारमा भएको आन्दोलन, रेलवे आन्दोलन साथै अनिकालको पनि समस्या उत्तिकै थियो । उत्तरपूर्वी राज्यहरूको स्वतन्त्रताको दबाब पनि उत्तिकै थियो । लोकप्रिय नेताहरू जर्ज फर्नान्डिस, जयप्रकाश नारायणलगायत सबै जनताको सरकारलाई बर्खास्त गर्ने दबाब थियो । गुजरात राज्यको चुनावी परिणाम पनि गाँधीको विपक्षमा आयो । इन्दिरा गाँधी इलाहाबाद क्षेत्रबाट निर्वाचित भएको पदमा विपक्षी राजनारायणले १४ आरोप लगाइ निर्वाचन बदरको माग गरेका थिए । जसमा १२ जूनको इलाहाबाद हाइकोर्टबाट फैसला आउँदा इन्दिरा गाँधीको हार भई उनको सांसद पद नै बदर भएको थियो । न्यायाधीश जगमोहनलाल सिन्हाले उनको पद नै बदर गरे । त्यही मुद्दामा पहिलोपटक प्रधानमन्त्री गाँधी अदालतमा गई पाँच घण्टा जवाफ दिएकी थिइन् । १४ आरोपमध्ये दुई आरोप मात्र ठहर भयो । जसमा उनको चुनावी एजेन्ट यशपाल कपूरले सरकारी सेवाबाट राजीनामा दिएका थिए । जसमा ७ जनवरीबाट चुनाव लागे पनि १३ जनवरीमा उनले राजीनामा दिएका थिए । चुनावी मञ्च बनाउने कार्यमा सरकारी कर्मचारी प्रयोग गरेको आरोप साबित भएको थियो । यसैको आधारमा चुनाव बदर मात्र भएन सन् १९८१ सम्म गाँधीलाई चुनाव लड्नबाट पनि रोक लगाइयो । यो फैसलापश्चात् विपक्षी नेताहरू सरकार खसाउन जोडतोडले लागे । इन्दिरा गाँधी दोधारमा परिन् । राजीनामा दिउँ कि नदिउँ । उनले राजीनामा दिने सोच बनाए पनि सल्लाहकारहरूले समर्थन दिएनन् । २० जूनको दिन ठूलो र्‍याली पनि भयो । २२ जूनको विपक्षको र्‍यालीमा जेपी आउन सकेनन् तर मुरारजी देसाईले सम्बोधन गरे । २३ जूनमा सर्वोच्च अदालतले अन्तरिम आदेश पनि दिएन । २४ जूनमा फैसला आयो ।

गर्न नपाउने आदेश भयो । गर्मी बिदाको कारण एकजना न्यायाधीश मात्र थिए । उक्त आदेशपश्चात् पनि मुरारजी देसाई तथा जयप्रकाश नारायणसमेतले आन्दोलन जारी राखी २९ जूनबाट अनिश्चित आन्दोलनको धम्की दिए । यसबाट आजित भएर सिद्धार्थशङ्कर रोयलाई बोलाइ संवैधानिक राय मागियो । जुन पश्चिम बङ्गालको मुख्यमन्त्रीका साथै वकील पनि थिए । यसमा विपक्षी नेताले सेना तथा प्रहरीसँग आन्दोलनमा सहभागी हुन अपील गरेकाले देशभित्र गृहयुद्ध हुन सक्ने अवस्था सृजना भएकोले आन्तरिक अशान्तिको नाममा आपत्काल घोषणा गर्ने निर्णय भयो र राष्ट्रपति फक्रुद्दीन अलि अहमदले समर्थन जनाए । २५ जून राति १० बजे सङ्कटकाल लागू गरियो । मेन्टेनेन्स अफ इन्टरनल सेक्युरिटी एक्ट मुताबिक धेरैजनालाई पक्राउ गरियो । सन् १९७१ मा इन्दिरा गाँधीले गठबन्धनको विरुद्धमा भारी बहुमतले चुनाव जिते पनि आन्तरिक राजनीतिलाई स्थिर बनाउन सकिनन् । आफ्नो राजनीति स्थिर बनाउन उनले पाकिस्तानबाट बङ्गलादेश छुट्टयाउने कार्यमा लागिन् । सयकडौं नेतालाई गिरफ्तार गराइन् । अन्तर्राष्ट्रिय समुदायसँगको सम्बन्ध बनाउन निकै समय लगाइन् । पाकिस्तानको पक्षधर अमेरिका र चीनसँगको सन्तुलन पनि सोभियत सङ्घको सम्बन्धबाट बनाइन् । युद्धको समय पनि चुनिन् । करोडौं पूर्वी पाकिस्तानीलाई शरण दिइन् । ३ डिसेम्बरमा शुरू भएको युद्ध १६ डिसेम्बरमा समाप्त भयो, जसमा ९३ हजार पाकिस्तानी सेना भारतीय सेनाको नियन्त्रणमा रहे र धेरै भूमि भारतको नियन्त्रणमा रहयो । पाकिस्तानले आत्मसमर्पण गर्‍यो । बङ्गलादेशको जन्म भयो, शेख मुजिब रिहा भए । जसले मुजिबवादको सृजना गरे । त्यस समयको सफलताको मुख्य कारण युएसएसआरको सहयोग त थियो नै अमेरिका भियतनामसँगको युद्धमा व्यस्त थियो भने चीनले पाकिस्तानलाई सशस्त्र सहयोग गर्न सकेन । सकडौं सालको इतिहासमा पहिलोपटक भारतले भरपाई पायो । सन्

राज्यमा भएन, १३ राज्यमा काङ्ग्रेसको सरकार बन्यो । जसमा अटलबिहारी बाजपेयीले भनेका थिए– विपक्षको तर्फबाट हजारौं नेता लडे पनि काङ्ग्रेसको तर्फबाट केवल एक नेता मात्र लडेकी थिइन् । त्यस बेला इन्दिरा गाँधीले बङ्गलादेशको घटनामा वाहवाही पाएकी थिइन् ।

नेपाली संविधानको मूलभूत उद्देश्य सङ्घीयता, गणतन्त्र, लोकतान्त्रिक मूल्य मान्यता तथा स्थिर सरकारको कल्पना थियो । जनताले पनि संविधान निर्माताको तत्कालीन आशयलाई आत्मसात् गर्दै प्रथम चुनावमैं एउटा दललाई पूर्ण बहुमत दियो । सङ्घीय सरकार मात्र पूर्ण बहुमतले बनेन, सात प्रदेशमा पनि बहुमतकै सरकार बन्यो । जसबाट पाँच वर्षसम्म जनताले स्थिर सरकार पाउँछ भन्ने आशा थियो तर दुर्भाग्य भनौं सरकारले पाँच वर्ष पूरा नगर्दै प्रधानमन्त्रीले संसद् नै विघटन गरे । जुन संविधानको सफलताको पहिलो गाँसमैं ढुङ्गा साबित भयो । यो ढुङ्गा संविधान निर्माताको आशयमा प्रहार पनि हो । संविधानको प्रस्तावनामा प्रहार हो ।

संसद् विघटनको विवाद चरमबिन्दुमा पुगेको बखतमा राज्यको तेस्रो स्वतन्त्र एवं सक्षम निकाय न्यायपालिकाले निकास दिएको छ । जुन सर्वस्वीकार भएको छ । देशका हरेक शक्ति मात्र होइन, विदेशले पनि फागुन ११ गतेको निर्णयलाई संवैधानिक मानेको छ । यद्यपि नेपाली न्यायालयले बेलाबखतमा जनहितमा ऐतिहासिक फैसला गरेर लोकतान्त्रिक योद्धा जस्तै कर्तव्य निर्वाह गरेको छ । जुन हाम्रो न्यायपालिकाको एउटा विशेष विशेषता भन्न सकिन्छ ।

वास्तवमा संविधान निर्माताले संविधान बनाउँदा स्थिर सरकारलाई प्राथमिकता दिए पनि संविधानको धारा ३६ को उपधारा १ र ७ को अस्पष्टताले यस्तो अन्योलता एवं जटिलतालाई निम्त्याएको थियो । जसको व्याख्या न्यायपालिकाले नै गर्नुपर्ने विधिशास्त्रीको मान्यता पनि हो ।

जोन अस्टिनको कमान्ड थ्युरीको

(बाँकी पाँचौं पातामा)

## आजकाल वैज्ञानिक व्याख्या जरूरी देखिन्छ

पाठक प्रतिक्रिया

१६ गते प्रतीकको लेख 'भगवान् भावको अधीनमा छन्' पढें । के हो यस भाव र भावको अधीनताको मतलब ? अब यसको वैज्ञानिक व्याख्या पनि प्रस्तुत नगरी आधुनिक मानिस यसमा विश्वास गर्न तयार छैनन् । आधुनिक समाज डार्बिनको जीव निर्माण र जीवको विकासवादमा विश्वास गर्छ तर भगवान्ले बनाएको कुरामा विश्वास गर्दैनन् । उनीहरूलाई यो पनि थाहा हुनुपर्छ कि डार्बिनको सिद्धान्त अनुसार जीवको निर्माण वैज्ञानिकहरूले गर्नमा असफल रहे । विकासवाद सही हुनु कुनै आश्चर्यको कुरा होइन । यो त मैले लेखिरहेको अक्षरलाई सुधार गर्दै सुन्दर बनाउने सरह हो । प्रकृतिले त्यसलाई सुन्दर बनाउँदै लग्यो । हाम्रो समाज अध्यात्मले यसरी सराबोर छ कि चाहेर पनि कोही यसबाट टाढा जान सक्दैन । हावा भगवान् हो, माटो, नदी भगवान् हुन्, कणकण भगवान् हुन् । यो कुरा मुस्लिमहरूले बुझ्दैनन्, जसको एउटा भगवान् र एउटा मात्र शैतान हुन्छ । भगवान्ले बनाउने र शैतानले बिगार्ने । हामीमा बनाउने र बिगार्ने सबै भगवान् नै हुन्छन् । असलको बनाउने र खराबको बिगार्ने । तब प्रश्न उठ्छ कि घडामा भरिएको हावा वा आकाशमा भरिएको हावा कृष्ण कसरी बन्छ ? रामको रूप कौशल्याको अगाडि कसरी प्रकट हुन्छ ? कसरी कर्माबाईको काखमा कृष्ण बनेर खिचडी खान्छ ? कसरी मीराको अगाडि कृष्ण बनेर मुरली बजाउन थाल्छ ? भावको वैज्ञानिक व्याख्या यहीं आएर सत्य हुन्छ । भगवान्को प्राप्तिपछि केही प्राप्ति बाँकी रहँदैन । बाँकी रहन्छ उनको आफ्नै भावको प्राप्ति । कोही वात्सल्य भावको भोको हुन्छ, कोही पति भावको । कोही सखा भावको, कोही के त कोही के । अतः भगवान्को प्राप्ति त भयो भावलाई के गर्ने ? जब त्यही भाव घनीभूत भएर चरममा पुग्छ, तब उनको भित्र निर्मित छवि नै प्रकट भएर आउँछ । त्यसैले मीराको घनीभूत भावमा कृष्ण नै प्रकट हुन्छ, राम होइन ।

रामको छवि निर्मित नै छैन, मीराको भित्र । ईसा मसीहलाई पनि देखन सक्दिनन् उनी । कौशल्याको भित्र रामको छवि निर्मित भएको छ । अतः कौशल्याले चाहेर पनि कृष्णको छवि हेर्न सक्दिनन् । यसको तुलना तपाईं हामीले देख्ने सपनासँग गर्न सकिन्छ । सपना त्यहीं हुन्छ, जसको हामीले प्रत्यक्ष जगत्मा कामना गरेका हुन्छौं । यस सपनाको कृष्ण र मीराको कृष्णमा केही भिन्नता छैन । भिन्नता यतिमात्र छ कि सपनाको कृष्ण क्षणिक हुन्छ र मीराको स्थायी । पहिलो, हामीमा कुनै पनि परिवर्तन नभएको अवस्था हो अर्थात् त्यसले हामीमा केही परिवर्तन ल्याउन सक्दैन । दोस्रो, मीराको पूर्ण परिवर्तित भइसकेपछिको अवस्था हो । मीरा अब साधारण सपना देख्ने स्त्री होइनन्, अर्कै भइसकेकी छन् । साधारण स्त्री रोज सपना देख्छिन् तर व्यक्तित्व साधारणको साधारण नै छ । तर मीरा अद्भुतरूपमा बदलिसकेकी हुन्छिन् । उनी अब विषयलाई पनि पचाउन सक्छिन् । भगवान् भावको वशमा भएको वैज्ञानिक व्याख्या यही हो ।

अतः भगवान् भावको अधीन नहुने कुरै आउँदैन । अब रह्यो हाम्रो कुरा । हामी केवल साधारण रहन चाहन्छौं कि घनीभूत ? घनीभूत भएर परिवर्तन हुन्छ, साधारण रहेर सधैं सपना हेर्छौं बित्थामा । यहाँ एउटा कुरा ध्यान दिनुपर्ने यो पनि छ कि हामी यदि सधैं भगवान्को सपना हेर्न सक्यौं भने त्यसले पनि हामीलाई घनीभूततिर लग्न सक्छ, परिवर्तनतिर डोऱ्याउन सक्छ । सधैं भगवान्को सपना पनि कसैले हेर्न सक्दैन । मनमा भगवानको कामना भएमात्र कहिलेकाहीं देख्न सक्छ ।

**डा शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# दुइ जिल्ला जोड्ने पुल चार वर्षसम्म बनेन

प्रस, सर्लाही, १७ फागुन/

सर्लाही र सिराहा जोड्ने पाँचकुमारी खोलाको पुल चार वर्षदेखि अलपत्र छ। आर्थिक वर्ष २०७४/७५ बाट निर्माण शुरू भएको उक्त पुल निर्माण शुरू भएको चार वर्ष बितिसक्न लाग्दा पनि निर्माण कार्य अलपत्र परेको हो।

सर्लाहीको हरिपुर नगरपालिका–८ र सिराहाको लालबन्दी नगरपालिका–४ को सिमानामा रहेको पाँचकुमारी खोलामा दुई खम्बा भएको पक्की पुल निर्माण शुरू गरिएको चार वर्ष भयो। जनप्रतिनिधिको लापरवाहीका कारण निर्माण सम्पन्न हुन नसकेको स्थानीयवासीले बताएका छन्। हरिपुर नगरपालिकाको रु २५ लाख र लालबन्दी नगरपालिकाको रु १० लाख गरी ३५ लाखको लागतमा निर्माण सम्पन्न गर्ने गरी शुरू भएको पुलको हालसम्म निर्माण उपभोक्ता समितिमार्फत नै काम भएको र विभिन्न चरणमा गरी रु २५ लाख रकम सकिसकेको पुल निर्माण उपभोक्ता समितिले जनाएको छ।

आव २०७४/७५ मा नगरले रु पाँच लाख, आव २०७५/७६ मा रु १० लाख लालबन्दी नगरपालिकाले रु १० लाख रकमको व्यवस्था गरेको थियो। आव २०७७/७८ मा पनि हरिपुर नगरपालिकाले रु १० लाख रकमको व्यवस्था गरेको छ।

उपभोक्ता समितिमार्फत निर्माण शुरू गरिएको पुलको हालसम्म तीनवटा निर्माण उपभोक्ता समिति गठन गरिसकिएको वडाध्यक्ष थापाले जानकारी दिए। वडाध्यक्ष थापाले हरिपुर नगरपालिकाका प्रमुख मन्सुरले पुल निर्माण कार्यमा रकमको उचित व्यवस्था नगर्दा निर्धारित समयमा पुल निर्माण हुन नसकेको आरोप लगाएका छन्।

लालबन्दीतर्फको क्षेत्रमा पुलको माथिल्लो भौतिक संरचना निर्माण भइसकेको भएपनि मानिस अहिले पनि खोलाबाटै आवतजावत गर्न बाध्य छन्। हरिपुरतर्फको क्षेत्रमा माटो भर्ने, ढुङ्गा जाली लगाउने काम बाँकी नै रहेको हरिपुर नगरपालिका–८ का वडाध्यक्ष हरिबहादुर थापाले बताए।

नगरप्रमुख मन्सुरले उपभोक्ता समितिमार्फत काम गर्दा गुणस्तरीय काम हुने भएको कारण आफूले निर्माण उपभोक्ता समितिमार्फत काम गर्न लगाएको बताए।

सर्लाही र रौतहटको सिमानामा रहेको वाग्मती नदी किनारमा पर्ने नूनथर क्षेत्रमा अझै अपेक्षाकृत विकास हुन नसकेको स्थानीयवासीको गुनासो छ।




प्रदेश २ कै उत्कृष्ट पर्यटकीय गन्तव्य चन्द्रपुर नगरपालिका–१ मा पर्ने नूनथर क्षेत्रका लागि पटकपटक विभिन्न शीर्षकमा बजेट विनियोजन भएको भएपनि बजेटको सदुपयोग नभएको स्थानीयवासीले गुनासो गरेका छन्।

# स्रोत नखुलेको नगदसहित युवक पक्राउ

प्रस, वीरगंज, १७ फागुन/

जिल्ला प्रहरी कार्यालय, पर्साले स्रोत नखुलेको तीन लाख २० हजारसहित एकजना भारतीय युवकलाई पक्राउ गरेको जनाएको छ।

भारत, रक्सौलबाट वीरगंजतर्फ मोटरसाइकलमा आइरहेका मोतीहारी थाना, सुगौली बस्ने २५ वर्षीय सोनु साहलाई रजतजयन्ती चोकबाट आइतवार साँझ प्रहरीले पक्राउ गरेको हो। उनको साथबाट रु ३ लाख १२ हजार र भारु ५ हजार २ सय बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले साहलाई बैंक तथा वित्तीय संस्थासम्बन्धी कसूरमा ५ दिनको म्याद थमाइ अनुसन्धान गरिरहेको जनाएको छ।



तस्वीर सौजन्यः जिप्रका, पर्सा

# स्वास्थ्य कार्यक्रमको चौमासिक गोष्ठी सम्पन्न

प्रस, पोखरिया, १७ फागुन/

पर्साको पोखरिया नगरपालिकाको स्वास्थ्य शाखाले चालू आवको प्रथम चौमासिकको स्वास्थ्य कार्यक्रम प्रथम चौमासिक समीक्षा गोष्ठी गरेको छ।




पोखरियामा आयोजित दुई दिने समीक्षा गोष्ठीको समापन गर्दै गोष्ठीमा स्वास्थ्य सेवाको प्रभावकारिता तथा गुणस्तरको बारेमा सरोकारवाला निकायका प्रतिनिधिहरूले विभिन्न प्रतिवेदन प्रस्तुत गरेका थिए। नगरपालिकाको पाँचवटा स्वास्थ्य चौकी, पोखरिया अस्पताल, आधारभूत स्वास्थ्य सेवा केन्द्रका इन्चार्जहरूले सो अवसरमा प्रतिवेदन पेश गर्दै खोप सेवा सय प्रतिशत कार्यान्वयन भएको, पोषण, सुरक्षित मातृत्व, परिवार नियोजनलगायतको सेवा प्रभावकारी भएको बताए।

स्वास्थ्य शाखा प्रमुख कौशलेन्द्र मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत विजयकुमार झा, सहसंयोजक दीपनारायण महतोलगायत विभिन्न स्वास्थ्य चौकीका इन्चार्जहरूको सहभागिता थियो।

# कुकुरको टोकाइबाट बालिकाको मृत्यु

प्रस, जनकपुरधाम, १७ फागुन/

जनकपुरधाममा कुकुरले टोकेर एकजना बालिकाको ज्यान गएको छ। कुकुरले टोकेको केहीबेरमैं बालिकाको मृत्यु भएको हो।

जनकपुरधाम उपमहानगरपालिका वडा नं १ दर्जी टोल निवासी मोहम्मद अख्तरकी १२ वर्षीया छोरी सिमरन खातुनको कुकुरको टोकाइबाट मृत्यु भएको हो।

आइतवार राति करीब साढे १ बजे शौच गर्न घरबाहिर निस्केकी सिमरनलाई कुकुरले टोकेको थियो। कुकुरको टोकाइबाट निकै त्रसित बालिकाको भित्र प्रवेश गरेको केहीवबेरमा नै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक मकेन्द्रकुमार मिश्रले जानकारी गराएका छन्।

बालिकाको शव शल्यपरीक्षणका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको प्रनाउ मिश्रले बताए।

# साढुदाइको कुटपिटबाट युवकको मृत्यु

प्रस, सिराहा, १७ फागुन/

सिराहा जिल्लाको सिराहा नगरपालिका वडा नं १८ इटारीमा एक युवकको कुटपिटबाट मृत्यु भएको छ। मृत्यु हुनेमा इटारी निवासी २२ वर्षीय अजितकुमार यादव रहेको प्रहरीले जनाएको छ।

आपसी विवादमा उनको साढुदाइ मुनेश्वर यादवले कुटपिट गरेका थिए। कुटपीटकै कारण अजितको मृत्यु भएको मृतकका परिवारजनको भनाइ छ।

कुटपिटबाट गम्भीर घाइते अजितलाई उपचारका लागि अस्पताल लैजाँदै आइतवार राति बाटोमैं मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गराएको मृतकका भाइ नवीनले जानकारी गराए। कुटपिटका कारण मृत्यु भएको किटानी जाहेरी प्रहरीमा दर्ता भएको जिल्ला प्रहरी कार्यालय सिराहाका प्रहरी उपरीक्षक सुदीपराज भण्डारीले बताएका छन्।

घटनाबारे अनुसन्धान भइरहेको र मृतकको शवपरीक्षणको लागि सिराहा अस्पतालमा राखिएको प्रहरीले जनाएको छ।

# भारतीय नोटसहित भारतीय नागरिक पक्राउ

प्रस, सिराहा, १७ फागुन/

दुई लाख ५० हजार भारतीय नोटसहित सिराहाबाट सोमवार प्रहरीले एकजना भारतीयलाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा भारत सहरसा, किसनपुर –२ निवासी ६० वर्षीय चतुरी यादव छन्।

प्रहरी चौकी खिरौनाबाट खटिएको प्रहरी टोलीले जाँच गर्ने क्रममा बिआर ०६ एएन ०३५७ नम्बरको मोटरसाइकलमा सवार यादवको साथबाट रु दुई हजार दरको तीन थान र ५०० दरको ४८८ थान गरी रु दुई लाख ५० हजार भारतीय रुपैयाँ बरामद भएकोले सो रुपैया सहित यादवलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ।

एक सय रुपैयाँभन्दा बढी दरको भारतीय रुपैयाँ नेपालमा प्रतिबन्धित छ। पक्राउ परेका यादवले रुपैयाँको स्रोत पनि खोल्न नसकेको प्रहरीको भनाइ छ।



**वृन्दावनमा अवस्थित प्रेम मन्दिर** : भारतको मथुराको वृन्दावनमा अवस्थित प्रेम मन्दिर। यो मन्दिर राधाकृष्ण र सीतारामलाई समर्पित छ। मन्दिरको संरचना पाँचौं जगगुरु, कृपालु महाराजद्वारा स्थापित भएको थियो। तस्वीर : रासस



**वृन्दावन प्रेम मन्दिर परिसरको सुन्दर बगैंचा** : भारतको मथुरा जिल्ला वृन्दावनमा अवस्थित प्रेम मन्दिर परिसरको सुन्दर बगैंचा।

# तीन लाख नगदसहित महिला पक्राउ

प्रस, सप्तरी, १७ फागुन/

सोमवार सशस्त्र प्रहरीले स्रोत खुल्न नसकेको तीन लाख रुपियाँसहित सप्तरीमा एकजना महिलालाई पक्राउ गरेको छ।

बिओपी तिलाठीको टोलीले तिलाठी कोइलाडी गाउँपालिका–१ स्थित खाँडो खोलानजीकबाट महिलालाई उक्त रकमसहित पक्राउ गरेको सशस्त्र प्रहरी उपरीक्षक राजु श्रेष्ठले जानकारी दिए।

पक्राउ पर्नेमा छिन्नमस्ता गाउँपालिका–१ निवासी ५५ वर्षीया गीता देवी महतो छन्। शङ्काको आधारमा चेकजाँच गर्दा उनको साथबाट स्रोत नखुलेको ३ लाख रुपियाँ बरामद भएको प्रहरीले जनाएको छ।

# ‘मेक इन नेपाल–स्वदेशी’ अभियानमा परिसङ्घ

काठमाडौं, १७ फागुन/रासस

नेपाल उद्योग परिसङ्घले राष्ट्रलाई आत्मनिर्भर बनाउने लक्ष्यका साथ ‘मेक इन नेपाल–स्वदेशी’ अभियानलाई प्राथमिकताका साथ अगाडि बढाउने भएको छ।




परिसङ्घका अध्यक्ष सतिशकुमार मोरको नेतृत्वमा गएको प्रमण्डलले उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टलाई उनको कार्यकक्षमा भेट गरी सो अभियानका बारेमा जानकारी गराएको हो।

परिसङ्घका अध्यक्ष मोरले यो अभियानले स्वदेशी उत्पादन वृद्धि गर्न, व्यवसायको प्रतिस्पर्धात्मक क्षमता बढाउन र नेपाली वस्तु र सेवाको माग बढाउने लक्ष्यसहित परिसङ्घले ‘मेक इन नेपाल–स्वदेशी’ अभियान शुरू गरेको बताए। परिसङ्घको यस अभियानमा नेपाल सरकारको साथ र सहयोग हुनुपर्ने धारणा राख्दै मुलुकको औद्योगिक विस्तार, रोजगारको सिर्जना एवं उत्पादन वृद्धिबाट मात्र राष्ट्रिय अर्थतन्त्रमाथि उठाउन सकिने बताए। यस अभियानमा सरकारले स्वामित्वबोध गरी स्वदेशी उद्योगको स्थापना र उद्योगलाई आत्मनिर्भर बनाउन सरकारबाट प्रभावकारी भूमिका निर्वाह गर्नुपर्ने धारणा राखे।

परिसङ्घका उपाध्यक्ष अनुज अग्रवालले परिसङ्घले तयार पारेको अवधारणाको संक्षिप्त प्रस्तुति गर्दै त्यसमा मुख्यगरी चारवटा आर्थिक खम्बालाई बढी प्राथमिकतामा राखेको जानकारी

(बाँकी चौथो पातामा)

# प्रि–मनसुन शुरू, जाडोयाम समाप्त

काठमाडौं, १७ फागुन/रासस

सोमवारदेखि यस वर्षको जाडोयाम समाप्त भई प्रि–मनसुन शुरू भएको छ। जल तथा मौसम विज्ञान विभागले आज एक बुलेटिन निकालेर मार्च १ अर्थात् आजदेखि यस वर्षको जाडोयाम अन्त्य भई प्रि–मनसुन ‘सिजन’ शुरू भएको जनाएको छ। अङ्ग्रेजी महीना मार्चदेखि शुरू हुने प्रि–मनसुन मे महीनासम्म चल्ने गर्छ।

यो समयमा अपराह्न तथा साँझतिर मेघगर्जन/चट्याङका साथै हावाहुरी र असिना पानीको सम्भावना रहने हुन्छ। विभागले मेघ गर्जन/चट्याङ, हावाहुरी र असिना पानीबाट हुन सक्ने क्षतिबाट जोगिन आवश्यक सतर्कता अपनाउन सबैमा अनुरोध गरेको छ।

मार्च, अप्रिल र मेसम्म तीन महीना प्रि–मनसुन चल्ने भएकाले देशका पहाडी भूभागको मौसम अपराह्न तथा साँझपख लगातार प्रभावित भइरहने हुन्छ।



जाडोयाम सकिएलगत्तै स्थानीय वायुको प्रभाव पर्न थालेकाले प्रि–मनसुन समय शुरू भएको मौसमविद् प्रतिभा मानन्धरले बताइन्। “तापक्रम बढ्न थालेकाले यसको प्रभाव देखिन थालेको हो,” उनले भनिन्। पहाडी भेगमा प्रि–मनसुनको प्रभाव देखिए पनि अन्य स्थानमा भने त्यसको असर पर्नेछैन।

यस समयमा पश्चिमी वायुको प्रभाव स्थानीय वायुसँग जोडिंदा बलियो भएर चट्याङ पर्ने गर्दछ।

# आगामी शताब्दीका भविष्य कथन

**परिवर्तन प्रकृतिको एउटा नियमित प्रक्रिया**

पछिल्लो दिनमा अमेरिकन स्पेस शटलबाट खिंचिएको धर्तीको चित्रमा पहिलेको नक्शाभन्दा महत्त्वपूर्ण अन्तर पाइयो । वैज्ञानिकको भनाइ थियो सन् १९६६ मा खिंचेका चित्रलाई अगाडि राखेर सेन्ट्रल अफ्रिकाको नक्शा बनाउँदा वैज्ञानिकले त्यो देखेर हतप्रभ हुनेछन् कि जुन चाडताललाई दुई सय माइल लामो बताइन्थ्यो, त्यसको सतह ९५ प्रतिशत घटेर नगण्य भएको छ एवं यो परिवर्तन मात्र विगत २२ वर्षमैं भएको छ । कुनै बेला तालको सतह २६ हजार ५ सय वर्ग किलोमिटर थियो, २४० वर्ग किलोमिटरसम्म सीमित भएको छ। तर दक्षिणपूर्व एशियाको माथि सतत् बादल छाइरहन्छ, त्यसले यहाँ स्पष्ट चित्र लिन सक्दैन तर आफ्नो सम्मिलित कम्प्युटराइज्ड निष्कर्षको आधारमा हिमालय क्रमशः माथितर्फ उक्लिंदै छ र त्यो भारतीय भूभाग बढिरहेको छ । युएनआईको हवालाबाट ३१ मार्चमा प्रकाशित यो समाचार एउटा तथ्यसम्म हामीलाई लैजान्छ कि परिवर्तन एक सतत् शाश्वत प्रक्रिया हो र यसमा हजारौं–लाखौं होइन केही वर्ष लाग्छ । सोच्न सकिन्छ कि आगामी १३ वर्षमा विश्वको भौगोलिक नक्शा मात्र बदलिंदैन, अपितु समग्र स्वरूपमैं व्यापक परिवर्तन हेर्न सकिन्छ ।

**पृथ्वीको नक्शा बदलिंदै छ ?**

पृथ्वीलाई सबैभन्दा बढी प्रभावित गर्ने घटक सूर्य हो । उसको स्थितिमा जब पनि थोरै उथलपुथल हुन्छ, तब धरातल र समुद्र स्थलको सन्तुलन गडबड हुन्छ र नक्शा बदलिन्छ । यस प्रकार मनुष्य जब भूगर्भको सम्पदाको दोहन गर्न अत्यधिक हतार गर्छ भने स्थिति झनै बिग्रिन्छ ।

अहिले तेल, कोइला र धातुको उत्खननको लागि अत्यधिक आतुरता बढ्दै छ। यस बढ्दो लिप्साका कारण यो हो कि कारखानाको लागि यसको आवश्यकता परिरहेको छ। द्रुतगामी वाहन पनि यसैको आधारमा चल्छ। रेल, मोटर, जलयान, वायुयान आदिको लागि यही इन्धन अपेक्षित हुन्छ। विद्युत् उत्पादनमा पनि प्रायः यसैको आवश्यकता पर्छ ।

बढ्दो जनसङ्ख्याको लागि प्रयास यही गरिंदैछ कि भूतलबाट जति बढी पानी निचोर्न सकिन्छ, निचोर्नुपर्छ। यी सबैको पृथ्वीको आन्तरिक स्थितिमा ठूलो प्रभाव पर्छ। भूगर्भ निकै संवेदनशील हुन्छ । ठीक हृदयसरह । जब शरीरमा चिन्ता भाव, समवेदना, आहार–व्यतिक्रम, बढ्दो कोलेस्ट्रोल, रक्तवाही नलिका मोटो भएपछि दबाब पर्छ, तब हृदय चिच्याउन थाल्छ र यसलाई इन्जाइना पैकटोरिस वा मायोकार्डियल इस्चिमिया भनिन्छ । भूगर्भ पनि जब दबाब सहन सक्दैन, तब ज्वालामुखी फुट्ने, भूकम्प आउने, पर्यावरण र ऋतु परिवर्तनको अवाञ्छनीय चक्र चल्छ, जुन भूगर्भीय समस्वरताले असाधारण परिवर्तन उत्पादन गर्छ र यसको कारण स्थिरतामाथि भारी दबाब पर्छ । यस प्रकारको परिवर्तन मनुष्य जीवनमाथि कति नराम्रो प्रभाव पर्छ, यो सहजै बुझ्न सकिन्छ ।

## युग परिवर्तन कसरी र कहिले

**पृथ्वीलाई सबैभन्दा बढी प्रभावित गर्ने घटक सूर्य हो । उसको स्थितिमा जब पनि थोरै उथलपुथल हुन्छ, तब धरातल र समुद्र स्थलको सन्तुलन गडबड हुन्छ र नक्शा बदलिन्छ । यस प्रकार मनुष्य जब भूगर्भको सम्पदाको दोहन गर्न अत्यधिक हतार गर्छ भने स्थिति झनै बिग्रिन्छ ।**

पुरातत्त्ववेत्ताहरूले ईसाभन्दा ६ हजार वर्ष पुरानो इतिहासमा पृथ्वीमा एउटा उलट–पुलट विवरण खोजेका छन्। वर्ल्ड एथनालाजी फ्रान्स ६००० बिसी पुस्तकमा यस्तो प्रमाण प्रस्तुत गरिएको छ, जसबाट प्रतीत हुन्छ कि नदीको प्रवाह बदलिएको छ। धरातलमा समुद्र पसेको छ र समुद्रको हलचलले थुप्रै नयाँ द्वीप विनिर्मित गरेको छ ।

साइन्टिफिक अमेरिकन (अप्रिल ८५) पत्रिकामा वैज्ञानिकद्वय डा ग्रेगरिविन्क एवं जैसन भोर्गनले 'द अर्थस् हट स्पट्स' शीर्षकमा एउटा निबन्ध प्रस्तुत गरेका छन्, जसमा उनीहरूले यस विषयको विस्तारले विवेचन गरेका छन्। उनीहरू भन्छन्– भूगर्भशास्त्री यो मान्छन् कि पृथ्वीको सतह स्थिर रहेको छ। यसमा कुनै ठूलठूला टुक्रा (प्लेट्स) तैरिरहन्छ र कहिलेकाहीं ठोक्किन्छ। विज्ञानको यस शाखालाई 'प्लेट टेक्नोनिक्स' नाम दिइएको छ। यस अनुसार पृथ्वीको सयदेखि डेढ सय किलोमिटर मोटो यो प्लेट हुन्छ, जसमा भूखण्ड बनेको छ तर समुद्रको तल यस प्लेटको मोटाइ ५० देखि ७५ किलोमिटर पाइएको छ। यस प्लेटलाई भूविज्ञानी लिथ्रोस्फियर भन्छन् । यस परतको तल २ सय किलोमिटर मोटो अर्को परत हुन्छ, जसलाई एस्थिनोस्फियर भनिन्छ । आजको भूभौतिकी विज्ञानको मूल विषय यो जान्नु छ कि जुन स्थिर छ, त्यसको माथि लिथोस्फियर कसरी घिस्रिन्छ, कुन दिशामा सर्छ ।

टोरोन्टो विश्वविद्यालयका अध्यापक डा जे.स्नो. विल्सनले यस दिशामा विशेष अध्ययनको लागि हवाई द्वीपको यात्रा गरे । त्यहाँका निवासीबीच प्रचलित दन्त्यकथा तथा भूभौतिकी सिद्धान्तबीचको सम्बन्ध स्थापनाको पहिलो प्रयास उनले गरेका थिए ।

यस सम्बन्धमा हवाई द्वीपमा एउटा दन्त्यकथा प्रचलित छ । यहाँको ज्वालामुखीकी एक देवी 'पिली' छन्, जसको एउटा आँखाबाट आगो निस्किरहन्छ। पहिले उनको निवास हवाई द्वीपको पश्चिमस्थित क्वाइ द्वीपमा थियो। तर समुद्रका देवताले उनलाई जब भगाए, तब उनी ओई द्वीपमा आएर बसिन् । यहाँबाट पनि भगाइएपछि उनी मावी द्वीपमा गइन् र अब अन्ततः हवाई द्वीपमा आएर बसेकी छिन् तथा किलाऊ नामक ज्वालामुखीको मुखबाट ज्वाला ओकलिरहेकी छिन्। यो सत्य हो कि यो ज्वालामुखी भूगर्भीय प्लेटको थोरै हलचलबाट पनि फुट्छ तर यो किंवदन्तीसँग कति सम्बन्ध छ, त्यो भन्न सकिंदैन। हो, समुद्रको ज्वारभाटा, तूफान आदि आउनुको पूर्वसङ्केत लावा निस्किनुभन्दा पहिले पाइन्छ। श्री विल्सन यस कथालाई भूगर्भ विधाको प्लेट टेक्टोनिकल साइकलसँग जोड्छन्। भूगर्भ विद्या विशारदहरूले पृथ्वीको धरातल तथा महासमुद्रमा पाइने ज्वालामुखी शृङ्खलाको गणना पनि गरिएको छ र त्यसको वर्गीकरणमा पाइएको छ कि यसमध्ये केही नयाँ छन् एवं केही अति प्राचीन। पुरानो र नयाँ शृङ्खालाई जोड्दा एउटा सम्पूर्ण कडी बन्छ। इस दिशालाई भूगर्भशास्त्रीहरूले लिथोस्फियरको भिन्दाभिन्दै प्लेट घिस्रिने दिशा मान्छन्।

हवाई द्वीपको उक्त कथा अनुसार पश्चिमको ज्वालामुखी पूर्वतर्फ सरिरहन्छ। यस कुराको पुष्टि भूगर्भशास्त्रीद्वारा बनाइएको रेखाचित्रले पनि गर्छ तर यो कुराको अध्ययन दुई सय वर्षदेखि भइरहेको छ कि कुनै दिशाविशेषमा प्लेट थर्किन किन थाल्छ ? त्यसको प्रेरक बल के हो ? आजभन्दा लगभग एक शतक पहिले अमेरिकी भूगर्भशास्त्री डा जेम्स ह्वाइटले यो संशोधन प्रस्तुत गरेका थिए कि लिथोस्फियरको तल लावाको एउटा जेट धारा छ, जसको प्रारम्भ हवाई द्वीपको पूर्वबाट हुन्छ र पश्चिममा समापन ।

अमेरिकाको भेलोस्टाने पनि यस प्रकारको यस्तो नवीनतम स्थान हो । यसको प्रारम्भ मध्यम अमेरिकादेखि हुन्छ। खस्किने गति क्रमशः पश्चिमबाट पूर्वतर्फ देखिएको छ । यस प्रकार भूपटलमा अन्य स्थानमा पनि हट स्पट्सको स्थानान्तरणको चित्राङ्कन गरिएको छ । यो पाइएको छ कि कालान्तरमा पुरानो स्पट्स घिस्रिंदै जान्छ र नवीन बन्दै जान्छ। यो प्रक्रिया सम्पूर्ण पृथ्वीको भूगर्भमा घटेको देख्न सकिन्छ।

उपरोक्त अन्वेषणको आधारमा यो गम्भीर विचार गर्नेले यो आशङ्का गलत व्यक्त गर्दैनन् कि आगामी दिनमा यस्तो उथलपुथल हुन सक्छ, जुन पृथ्वीको नक्शामा असाधारण परिवर्तन गर्न सक्छ। जसरी महाद्वीप खस्किंदा भूतलको आजको स्थिति भयो एवं समुद्रले एटलान्टिक उपमहाद्वीपको स्थान लिएको हुन सक्छ। आगामी दिनमा खस्किंदै जाने प्रवृत्ति बढ्यो भने पृथ्वी त्यस्तो रहनेछैन, जस्तो कि आज देखिन्छ।

## पेट्रोलियम पदार्थको मूल्य बढ्यो

काठमाडौं, १७ फागुन/रासस

नेपाल आयल निगमले आज मध्यरातदेखि लागू हुने गरी पेट्रोलियम पदार्थको मूल्यवृद्धि गरेको छ। निगमका प्रवक्ता विनीतमणि उपाध्यायका अनुसार पेट्रोल, डिजल र मटीतेलमा प्रतिलिटर रु दुईका दरले मूल्यवृद्धि गरिएको छ।

नयाँ मूल्य अनुसार पेट्रोल अब प्रतिलिटर रु ११६ कायम भएको छ। यस्तै, डिजल र मटीतेल प्रतिलिटर रु ९९ कायम भएको छ । यस्तै हवाई इन्धन आन्तरिक उडानतर्फ साबिकको प्रतिलिटर बिक्री मूल्यमा रु पाँचले वृद्धि गरी रु ७२ कायम गरिएको निगमले जनाएको छ।



तस्वीरः सौजन्य

यस्तै, हवाई इन्धन अन्तर्राष्ट्रियतर्फ प्रतिकिलोलिटर २५ अमेरिकी डलरले वृद्धि गरी ८९३ प्रतिकिलोलिटर कायम गरिएको छ । खाना पकाउने एलपी ग्यासको खुद्रा मूल्य भने यथावत् नै कायम राखिएको निगमले जनाएको छ।

मूल्य समायोजनपछि पनि निगमलाई पेट्रोलमा प्रतिलिटर आठ रुपैयाँ ४२ पैसा, डिजलमा प्रतिलिटर ६ रुपैयाँ ५६ पैसा तथा एलपी ग्यासमा प्रतिसिलिन्डर ३९२ रुपैयाँ ८२ पैसा घाटा रहेको छ । अर्धमासिकरूपमा करीब रु एक अर्ब ३२ करोड घाटा नै रहने र सो घाटा रकम मूल्य स्थिरीकरण कोष तथा निगमको सञ्चित नाफाबाट व्यवस्थापन गरिनेछ ।

मूल्य समायोजनपश्चात् पनि भारतीय सीमा रक्सौलसँग जोडिएको नेपालको वीरगंज क्षेत्रमा पेट्रोल लिटरमा रु ३५ रुपैयाँ ९३ पैसा र डिजल प्रतिलिटर ४२ रुपैयाँ ७ पैसा नेपालतर्फ सस्तो रहेको निगमले जनाएको छ।

निगमले यसअघि यही फागुन ४ गते पनि पेट्रोलियम पदार्थमा मूल्यवृद्धि गरेको थियो।

इन्डियन आयल कर्पोरेशनले आज पठाएको मूल्यसूची अनुसार नै मूल्य समायोजन गरिएको जनाएको छ।

मूल्य समायोजन नगर्दा निगमलाई १५ दिनमा रु एक अर्ब ५४ करोड ६ लाख घाटा हुने अवस्था रहेको दाबी गरेको छ।

'मेक इन नेपाल–स्वदेशी'....

दिए।

विशेषगरी यस अभियानले हरेक वर्ष एक हजार उद्योग सञ्चालनमा ल्याइ वार्षिक एक लाख ५० हजार औद्योगिक रोजगार सिर्जना गर्ने लक्ष्य लिएको छ। परिसङ्घको लक्ष्य अनुसार पाँच वर्षमा वार्षिक निर्यात रु चार खर्ब ३० पुऱ्याउने र कुल गार्हस्थ उत्पादनमा सन् २०२५ सम्ममा २२ प्रतिशत र २०३० सम्ममा २६ प्रतिशत योगदान पुऱ्याउने बताए।

उद्योगमन्त्री भट्टले नयाँ औद्योगिक क्षेत्रमा उद्योग स्थापनामा परिसङ्घले पहल गर्नुपर्ने बताउँदै त्यसको लागि सरकारले कुनै किसिमको सुविधा उपलब्ध गराउनुपर्ने भएमा सरकार तयार रहेको बताए।

स्वदेशी उद्योग स्थापनासँगै कपास खेतीलाई प्राथमिकतामा राखी नेपालगंजको खजुरालाई कपास उत्पादनको पकेट क्षेत्र बनाउनको लागि निजी क्षेत्र अगाडि बढ्नुपर्ने बताए।

छलफलमा परिसङ्घको तर्फबाट निवर्तमान अध्यक्ष हरिभक्त शर्मा, उपाध्यक्षहरू क्रमशः राजेशकुमार अग्रवाल, सुलभ अग्रवाललगायतको सहभागिता थियो।

## चार किलो गाँजासहित दुई नाबालिक पक्राउ

प्रस, बिरूवागुठी, १७ फागुन/

पर्सागढी नगरपालिका–२ मनवा बजारबाट चार किलो गाँजासहित दुईजनालाई प्रहरीले पक्राउ गरेको छ।

मकवानपुरबाट पर्साको राष्ट्रिय वन हुँदै भारततर्फ कमरमा २/२ किलो गाँजा बाँधेर लगिरहेको अवस्थामा उनीहरूलाई मनवा प्रहरीले पक्राउ गरेको हो।



तस्वीरः फाइल

पक्राउ परेकाहरू मकवानपुर, राक्सिराङ गाउँपालिकाका महिला र पुरूष रहेको तथा नाबालिक रहेको कारण नाम सार्वजनिक नगरिएको प्रहरीले जनाएको छ।

## फरक समाचार

### खरायोले आफ्नै मल किन खान्छ ?

राम्रो स्वास्थ्यको लागि खरायोले आफ्नै मल खानु एउटा अत्यन्त जरुरी प्रक्रिया हो। भनिन्छ, खरायो यस्तो जीव हो, जसको पाचनतन्त्र राम्ररी विकसित हुँदैन । यो जीव आफ्नो अधिकांश जीवन घाँस खाएर बिताउँछ, जसले गर्दा खरायोको शरीरबाट धेरैजसो आवश्यक पोषक तत्त्व नपचेर बाहिर निस्किन्छ। त्यसैले खरायोले त्यसलाई फेरि खाएर बढीभन्दा बढी पोषक तत्त्व पचाउने गर्छ।



खरायोको यो स्थिति त्यस्तै हो, जसरी गाई, भैंसीजस्ता अधिकांश चौपाया जनावरले आफ्नो भोजनलाई उग्राएर पुनः मुखमा ल्याएर पचाउँछ। खरायोको मल दुई किसिमको हुन्छ, पहिलो तरल र अर्को कडा। तरल मललाई सिकोट्रोप भनिन्छ, जुन पोषक तत्त्वले भरिपूर्ण हुन्छ। खरायोले यसलाई खाएर पोषक तत्त्वलाई पचाउँछ र त्यसपछि कडा मल त्याग्छ।

सिकोट्रोप अर्थात् खरायोको तरल मलमा कडा मलको तुलनामा दुई गुना बढी पोषक तत्त्व पाइन्छ । यसमा भिटामिन के र भिटामिन बी १२ हुन्छ । यदि खरायोले सिकोट्रोपलाई खाँदैन भने उसको शरीरबाट अधिकांश पोषक तत्त्व नपचेन बाहिर निस्किन्छ।

खरायो शाकाहारी जनावर हो, जसले घाँसपात मात्र खान्छ। यस्तोमा उनीहरूको शरीरको लागि फाइबर निकै आवश्यक हुन्छ। खरायोको पाचनतन्त्र राति निकै तीव्र गतिले काम गर्दै धेरैजसो भोजन नपचाइकन बाहिर निकाल्छ । यसैले सिकोट्रोप अर्थात तरल मललाई राति नै त्याग्छ र त्यस समय उसले यसलाई खाइदिन्छ। तरल मललाई पूर्णरूपले पचाएर कडा मलसरह बाहिर निकाल्छ।

जनावरको संसारमा खरायो मात्र यस्तो जीव होइन, जसले आफ्नो मल खान्छ। ससाना मुसा र गिनी पिगसमेत कैयौं शाकाहारी जनावरमा पनि यस्तो प्रवृत्ति पाइन्छ। धर्तीमा यस्ता धेरै जनावर छन्, जसले अरूको मल खान्छ। यस्ता जनावर पर्यावरणको लागि निकै फाइदाजनक हुन्छन्।

### बरफबाट बनाइएको ७७ फिटको सर्प

अमेरिकाको कोलोराडो प्रदेशमा एउटा परिवारले बरफको ७७ फिट लामो सर्प बनाएको छ। मोन मुजली र उनका पाँच भाइ–बहिनीले १० घण्टा मेहनत गरेर विशालकाय बरफको सर्प बनाएका हुन् । यसभन्दा पहिले उनीहरूले सन्



२०१९ मा स्नो आर्ट बनाएर चर्चित भएका थिए । त्यति बेला यस परिवारले बरफको एउटा शानदार बाघ बनाएको थियो।

अहिले यो परिवारले बनाएको सर्प ७७ फिट लामो (२३ मिटर) छ। मुजलीले आमाको घरको बगैंचामा यसलाई सजाएर राखेका छन्। सामाजिक सञ्जालमा भिडियो साझा गरेका छन् । समूहले पहिले सर्पको आकार बनाए, त्यसपछि त्यसमा स्प्रे पेन्ट गरेर रङ्ग र छाया बनाए। बिबिसीसँग मुजलीले भने– हामी जब साना थियौं, त्यति बेला हाम्रा पिताले बरफबाट यस्ता वस्तु बनाएर हामीलाई मनोरञ्जन गर्दथे। उनले बनाएको बरफको आकृतिलाई हेर्न र फोटो खिच्नेहरूको भीड लाग्छ।

### सपना चौधरी भोजपुरी चलचित्रमा

चर्चित हरियाणाकी नृत्याङ्गना सपना चौधरी सामाजिक सञ्जालमा बेलाबखत चर्चामा आइरहन्छिन्। उनले हरियाणाको गीतलाई मञ्चमा प्रदर्शन गरेर आफ्नो पहिचान बनाएकी छन्। साथै चर्चित टेलिभिजन कार्यक्रम बिग बोसमा पनि उनी देखा परिसकेकी छन्। अब सपना भोजपुरी चलचित्रमा तहल्का मचाउँदै छिन्।





उनी भोजपुरी चलचित्रका चर्चित सुपरस्टार दिनेशलाल यादव 'निरहुआ'सँगै चलचित्रमा देखिने भएकी छन्।

निरहुआको ठूलो बजेटको चलचित्र मजनूमा सपनाको लागि एउटा विशेष डान्स नम्बर राखिएको छ । यस गीतमा सपना निरहुआसँग रोमान्स गरेको देखिन्छ। तर अहिलेसम्म यसको आधिकारिक घोषणा गरिएको छैन।

सुनील वर्माको चलचित्र मजनूलाई ब्रजेश मौर्याले निर्देशन गर्दैछन् । सपना चौधरीलाई चलचित्रमा राखिएको कारण दर्शकहरूको उल्लेख्य सहभागिता हुने बताइँदैछ । सपना यसभन्दा पहिले बलिउड चलचित्रमा पनि नृत्य गरिसकेकी छिन् । निरहुआसँग भोजपुरी चलचित्रमा प्रवेश गरेकी सपनाले खेसारीलाल यादव र रविकिशनसँग स्टेजमा कार्यक्रम प्रस्तुत गरिसकेकी छन्।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकाले ४० लाख डोज खोप वितरण गर्ने

वाशिङ्टन, १७ फागुन/एएफपी

अमेरिकाले जोन्सन एन्ड जोन्सन


तस्वीर: गेटी इमेज

कम्पनीद्वारा विकास गरिएको कोभिड-१९ विरुद्धको ४० लाख डोज खोप मङ्गलवारसम्ममा देशका विभिन्न राज्यमा वितरण गर्ने तयारी गरेको छ।

अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडिए)ले गत शनिवार जोन्सनको खोप प्रभावकारी देखिएको भन्दै आपत्कालीन प्रयोगका लागि अनुमति दिएको थियो। अमेरिकामा जोन्सनसमेत तीन कम्पनीका खोपले प्रयोगको अनुमति पाएका छन्। यसअघि नै अमेरिकाले फाइजर र मोडर्नाका खोपलाई स्वीकृत गरिसकेको छ।

अमेरिकामा हालसम्म पाँच लाखभन्दा बढी व्यक्तिको कोरोना भाइरसको सङ्क्रमणबाट मृत्यु भइसकेको छ। राष्ट्रपति जो बाइडेनले कोभिड-१९ लाई परास्त गर्न खोप र अन्य सचेतनामूलक कार्यक्रमलाई व्यापक बनाएका छन्।

एक डोज मात्र लगाए पुग्ने जोन्सनको खोप गम्भीर प्रकृतिको कोभिड-१९ रोकथाम गर्न पनि सफल हुने दाबी गरिएको छ। अमेरिकी खाद्य तथा औषधि प्रशासन (एफडिए)ले कोभिड-१९ को नयाँ स्वरूपलाई पनि रोकथाम गर्न जोन्सनको खोप प्रभावकारी देखिएको जनाएको छ।

अमेरिकी राष्ट्रपति जो बाइडेनले अमेरिकाले तेस्रो खोपलाई अनुमति दिएको बताउँदै कोभिड-१९ विरुद्धको सङ्घर्ष अझै समाप्त भइनसकेको बताए। अमेरिकाले यसअघि फाइजर र मोडर्नाले विकास गरेका खोप प्रयोगमा ल्याइसकेको छ।

राष्ट्रपति बाइडेनले जारी गरेको विज्ञप्तिमा जोन्सन कम्पनीले विकास गरेको खोप सफल देखिएकोमा सबै अमेरिकी खुशी भएको बताउँदै कोरोना भाइरसले सिर्जना गरेको सङ्कट समाधान गर्न हामी सबैलाई यस समाचारले उत्साहित गरेको उल्लेख छ।

बाइडेन प्रशासनका एक अधिकारीका अनुसार जोन्सनको खोप सबै राज्य, जातजाति, भूगोल तथा फार्मेसी र सामुदायिक स्वास्थ्य केन्द्रबाट उपलब्ध हुनेछ। उनले जोन्सनका खोपहरू मङ्गलवार बिहानैदेखि देशका विभिन्न भागमा आपूर्ति गर्न थालिने जानकारी दिए।

अमेरिकामा हालसम्म ६ करोड ५० लाख व्यक्तिले कोभिड-१९ विरुद्धको खोप लिइसकेका छन्। जोन्सनको खोपलाई कम तापक्रममा पनि भण्डार गर्न सकिने र एक डोज मात्र लगाए हुने भएकाले यसको आपूर्ति व्यवस्था मिलाउन निकै सहज हुनेछ।

क्लिनिकल ट्रायल (नमूना परीक्षण) मा जोन्सनको खोप संयुक्त राज्य अमेरिकामा ८५.९ प्रतिशत प्रभावकारी देखिएको थियो भने दक्षिण अफ्रिकामा ८१.७ र ब्रजीलमा ८७.६ प्रतिशत सफल पाइएको थियो।

जोन्सनले यसअघि मार्चको अन्त्यसम्ममा दुई करोड तथा जून महीनाको अन्त्यसम्ममा १० करोड डोज आपूर्ति गर्ने लक्ष्य राखेको थियो। रासस

## जापानसँग वार्ताका लागि दक्षिण कोरिया तयार

सोल, १७ फागुन/सिन्ह्वा

दक्षिण कोरियाका राष्ट्रपति मुन जाय-इनले दक्षिण कोरिया जापानसँग वार्तामा बस्न तयार रहेको बताएका छन्।

राष्ट्रपति मुनले दक्षिण कोरिया यी दुई देशबीचका कैयौं ऐतिहासिक तथा व्यापारिक विषयमा वार्ता गर्न तयार रहेको बताएको समाचारमा उल्लेख गरिएको छ।

"हाम्रो सरकार जापानसँग कुनै पनि बेला वार्ताको टेबलमा बस्न तयार रहेको छ, मलाई लाग्छ सबै किसिमका असमझदारीहरू यो वार्ताबाट हट्न सक्नेछ," दक्षिण कोरियाका राष्ट्रपति मुनले भने।

दक्षिण कोरियाको १०२औं स्वतन्त्रता दिवसका अवसरमा उनले राष्ट्रिय टेलिभिजनबाट गरेका सम्बोधनका क्रममा सो धारणा राखेका हुन्। आजकै दिन कोरियाली प्रायःद्वीप जापानी उपनिवेशबाट स्वतन्त्र भएको थियो।

राष्ट्रपति मुन जाय-इनले भने- मलाई यति विश्वास छ कि हामी दुवै देशले वार्ताको टेबलमा बसेर हाम्रा अनेक समस्याको समाधानमा प्रयास गर्‍यौं भने आपसका हाम्रा असमझदारीहरू हट्नेछन् र हामी हरेक समस्याको समाधानका लागि तयार हुनेछौं।

दक्षिण कोरिया र जापानबीचको सम्बन्ध विगतका केही मुद्दाहरूका कारण राम्रो हुन सकेको छैन। जापानले कोरियाली महिलाहरूलाई यौनदासीका रूपमा राख्नुका साथै अरू पनि केही ऐतिहासिक र व्यापारिक मुद्दाका कारण विगतदेखि नै यी दुई देशबीचमा असमझदारीहरू बढ्दै आएको छ।

यी विषयहरूमा समय-समयमा दक्षिण कोरिया र जापानले वार्ताका माध्यमबाट नै समस्या समाधानका प्रयास गरेको भएपनि त्यो सम्भव हुन सकेको छैन। पछिल्ला केही वर्षयता यी दुई देशबीचको कूटनीतिक सम्बन्धमा दरार उत्पन्न भएको छ। त्यसैले दक्षिण कोरियाली राष्ट्रपति मुनले यो आह्वान गरेका हुन्। रासस

## पोप फ्रान्सिस शुक्रवार इराकको भ्रमणमा जाने

बग्दाद, १७ फागुन/एएफपी

इसाई धर्मगुरु पोप फ्रान्सिसले यही शुक्रवार मुस्लिम राष्ट्र इराकको भ्रमण गर्ने भएका छन्।

कुनै पनि पोपले इराकको भ्रमण गरेको वर्षौंपछि यो पहिलोपटक हो। इराकमा उनले इराकी शिते मुस्लिमका धर्मगुरु ग्रान्ड आयातोल्लाह अलि सिस्तानीसँग एकल वार्ता (वान-अन-वान) गर्नेछन्।

कोरोना भाइरस महामारी, हिंसा र कमजोर सरकारी सेवाका कारण निकै दबाबमा रहेको इराकी सरकारका पदाधिकारीसँग पनि उनले भेटवार्ता गर्नेछन्।

युद्धको चपेटामा परेको इराकमा इसाई समुदायको जनसङ्ख्या सन् २००३ मा १५ लाख रहेकामा हाल करीब चार लाख मात्र रहेको छ।

तीन दिने यस भ्रमणका क्रममा पोप फ्रान्सिसको कोरोना भाइरस महामारी फैलिन थालेयता पहिलो हो। बग्दाददेखि शिते धर्मगुरु बस्ने नजाफ शहरसम्मको मार्गमा पोपलाई स्वागत गर्न तुल, ब्यानर राखिएका छन्।

इराकमा इसाई समुदायको बसोबासको विश्वमैं सबैभन्दा पुरानो इतिहास छ। यहाँका इसाईहरू आधाजति क्याथोलिक र बाँकी आर्मेनियाली अर्थोडक्स, प्रोटेस्टेन्ट र अन्य रहेका छन्।

यसअघि पोल जोन पल द्वितीयले सन् २००० मा इराक भ्रमण गर्ने योजना बनाएका थिए तर तत्कालीन राष्ट्रपति सद्दाम हुसेनले उनको भ्रमण रद्द गरिदिएका थिए। उनीपछि पोप बनेका बेनेडिक्ट सोऱ्हौंले पनि बग्दाद भ्रमणको प्रयास गरेका थिए।

सन् २०१३ मा निर्वाचित भएपछि फ्रान्सिसले इराक भ्रमण गर्ने योजना अघि सारेका थिए। सन् २०१९ मा राष्ट्रपति बरहाम सालेहले औपचारिकरूपमैं पोप फ्रान्सिसलाई इराक भ्रमणको निम्तो दिएका थिए। वर्षौंदेखि युद्धमा होमिएको मुलुकमा शान्तिको सन्देश फैलाउन पनि पोपको भ्रमणले मदत गर्ने राष्ट्रपति सालेहको विश्वास छ।

अन्तर-धार्मिक सम्बन्ध सुदृढीकरणमा विश्वास राख्ने पोपले यसअघि टर्की, मोरक्को र युनाइटेड अरब इमिरेट्ससमेतका मुस्लिम मुलुकहरूको भ्रमण गरिसकेका छन्। रासस

**रानीघाट-पोखरिया बस समिति**

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसो: ३:४० बजे

**आजको राशिफल**

| | |
|---|---|
| मेष – कडाश्रम | वृष – सुसमाचार |
| मिथुन – भयचिन्ता | कर्कट – राज्यलाभ |
| सिंह – कान्तिक्षय | कन्या – सुयश |
| तुला – खर्चवृद्धि | वृश्चिक – धनलाभ |
| धनु – सफलता | मकर – राज्यभय |
| कुम्भ – रोगभय | मीन – व्यापारवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


Sonu Sharma
(Motivational Speaker, Business Coach)
Coming Soon First Time In Birgunj, Nepal

Admission Open
BBA (Bachelor of Business Administration)
BBA-TT (Bachelor of Business Administration-Travel & Tourism)
BCA (Bachelor of Computer Aplication)
CITIZEN COLLEGE
POKHARA UNIVERSITY AFFILIATE
Kumaripati, Lalitpur (Opposite to Mahayaan Petrol Pump)
01-5545684, 5545685, 9851000035

## मौलापुरको पुरातात्त्विक महादेव मन्दिरको प्राङ्गणमा विभिन्न कार्यक्रम

प्रस, रौतहट, १७ फागुन/

मौलापुर नगरपालिकाद्वारा आयोजना हुने विशेष महाशिवरात्रि मेलाको सम्पूर्ण तयारी भइसकेको नगरपालिकाले जनाएको छ।

आइतवार मौलापुरको पुरातात्त्विक महादेव मन्दिरको प्राङ्गणमा पत्रकार सम्मेलन गरी मेलाको पूर्ण तयारी भएको नगरपालिकाका उपप्रमुख गौरीशङ्कर जयसवालले बताए।

फागुन २५ गतेदेखि शुरू हुने मेलामा सतपोखरीको नाच, अयोध्याको वृन्दावन रासलीला, भारतीय एवं नेपाली कलाकारद्वारा विशाल दङ्गल कुश्ती हुने उपप्रमुख जयसवालले बताए। सोही क्रममा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबू साहले भारतीय कलाकार तथा नेपाली कलाकारहरूद्वारा विभिन्न मनोरञ्जनात्मक क्रियाकलाप हुने बताए।

महाशिवरात्रि मेलाको उद्घाटन प्रदेश नं २ का प्रमुख राजेश झाले गर्ने कार्यक्रम तय भएको छ। सो अवसरमा मन्त्री, प्रदेशसभा सदस्य, नगरपालिका प्रमुख, उपप्रमुखलगायत वडाध्यक्षहरूको सहभागितामा मेला उद्घाटन समारोह सम्पन्न हुनेछ।

## विसं २०७८ मा तीनवटा दशैं

काठमाडौं, १७ फागुन/रासस

विसं २०७८ मा तीनवटा दशैं परेको छ। यो वर्ष चैत्र शुक्ल पक्षमा पर्ने दुईवटा चैते दशैं परेको छ। वैशाख ७ गते मङ्गलवार चैत्र शुक्ल अष्टमी अर्थात् चैते दशैं परेको नेपाल पञ्चाङ्ग निर्णायक समितिले स्वीकृत गरेको पात्रो (पञ्चाङ्ग) मा उल्लेख छ।

यसैगरी, विसं २०७८ को चैत २६ गते शनिवार पनि अर्को चैत्र शुक्ल अष्टमी अर्थात् चैते दशैं परेको छ। बडादशैंका रूपमा मनाइने आश्विन शुक्ल पक्षको दशैं आगामी वर्ष असोज २१ गते बिहीवार घटस्थापना गरेर शुरू हुने भएको छ।

असोज २७ गते बुधवार महाअष्टमी, असोज २८ गते बिहीवार महानवमी र असोज २९ गते शुक्रवार विजयादशमी पर्व परेको छ।

कार्तिक कृष्ण पक्षमा शुरू भएर शुक्ल पक्षमा सकिने तिहार कात्तिक १६ गते मङ्गलवारदेखि शुरू हुनेछ। दशैं र तिहारलाई नेपालमा विशेषरूपमा मनाइन्छ। लक्ष्मीपूजा कात्तिक १८ गते बिहीवार र भाइटीका कात्तिक २० गते



शनिवार परेको छ।

चैत्र शुक्ल र आश्विन शुक्ल पक्षमा पर्ने दशैंलाई वैदिक सनातन धर्मावलम्बी नेपालीले ठूलो चाडका रूपमा मनाउँछन्। शक्तिको आराधना गर्न वर्षमा चार नवरात्र पर्ने भएपनि चैत्र शुक्ल र आश्विन शुक्लको दशैंलाई नेपालीले महत्त्वका साथ मनाउने गरेको समितिका अध्यक्ष एवं धर्मशास्त्रविद् प्राडा रामचन्द्र गौतम बताउँछन्।

वर्षमा चारपटक अर्थात् चैत, असार, असोज र पुस महीनाको शुक्ल पक्षमा देवीको आराधना गर्ने नवरात्र पर्छ। असार र पुसमा पर्ने नवरात्रमा साधकले साधना गर्ने गरे पनि आमरूपमा मनाउने परम्परा छैन। यस वर्ष विसं २०७७ असोजमा मलमास (अधिकमास) परेकाले विसं २०७८ मा तीनवटा दशैं परेको उनले जानकारी दिए।

### वर्तमान राजनीतिक....

आलोचना गर्दै हेनस केल्सनले आफ्नो ग्रान्डम थ्युरीमार्फत संविधानभन्दा माथि कुनै निर्णय हुन नसक्ने र संविधानवादलाई लोकतान्त्रिक संविधानको गहना भनेका थिए भने विधिशास्त्री एचएल हार्टले उनको कटु आलोचना गरे पनि प्राइमरी र सेकेन्ड्री रूलको व्याख्या गर्दै भनेका थिए, जब कानूनमा अस्पष्टता हुन्छ, त्यस बेलामा न्यायालयले व्याख्याको अधिकारमार्फत स्पष्ट गर्न सक्छ। बेलायतबाट उत्पन्न भएको समन्यायको सिद्धान्त एवं अभ्यासले पनि र कमन ल सिस्टमको अभ्यासले पनि अस्पष्टतालाई स्पष्ट गर्ने क्षेत्राधिकार न्यायपालिकालाई रहेको छ।

यसर्थ फागुन ११ गते सर्वोच्च अदालतले गरेको फैसला हाम्रो संविधानको मर्म अनुसार मात्र छैन, बहुमत जनताको चाहना मुताबिक पनि छ। जुरिस्टहरूले शताब्दीअघि प्रतिपादन गरेको विधिशास्त्रीय मान्यता मुताबिक पनि छ। भारतीय सर्वोच्च अदालतले पनि केशवानन्द भारती, मिजर्वा मिल, गोलकनाथलगायतको मुद्दामा संविधानको प्रावधानमा उठाइएका विवादहरूलाई विराम दिएको थियो। यसैगरी, हाम्रो अदालतले पनि दुईवटा अङ्गहरूबाट परिवर्तन संस्थागतमा हुन गएको कमजोरीलाई सच्याउने काम गरी पुनः संविधानको मर्म अनुसार अगाडि बढ्ने अवसर दिएको छ। यसर्थ सबैले आआफ्नो कमजोरीको समीक्षा गर्दै परिवर्तनलाई संस्थागत गर्नेतर्फ देश र जनतालाई केन्द्रमा राखी कर्तव्य निर्वाह गर्नुपर्छ।

प्रदेश सरकार
प्रदेश नं. २
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपक्षी तथा मत्स्य विकास निर्देशनालय
**भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
वीरगंज, पर्सा

**कार्यालय तथा आवास भवन मर्मतसम्भारसम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना**

***प्रथमपटक प्रकाशित मिति २०७७/११/१८ गते***

१. यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्साको राधेमाई, वीरगंजस्थित कार्यालय आवास भवन मर्मतसम्भार गर्नुपर्ने भएकोले तपसीलमा उल्लेख भए अनुसार कार्य गर्न इच्छुक र इजाजतपत्रप्राप्त निर्माण व्यवसायी फर्म कम्पनीले देहाय बमोजिमका शर्तमा रही रीतपूर्वक सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।
२. यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सामा सम्बन्धीत इजाजतप्राप्त निर्माण व्यवसायी वा अधिकारप्राप्त प्रतिनिधिले अध्यावधिक नवीकरण भएको इजाजतपत्र, स्थायी लेखा प्रमाणपत्र आ.व. २०७७/०७८ को करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपी संलग्न राखी रू १०००/- (एक हजार मात्र)को सिलबन्दी बोलपत्र दस्तुर (पछि फिर्ता नहुने) तिरी निवेदन साथ पेश गरी सिलबन्दी बोलपत्र फाराम प्राप्त गर्न सकिनेछ।
३. खरीद गरिएको सिलबन्दी बोलपत्र फारामका महलहरू स्पष्टरूपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथमपटक सूचना प्रकाशन भएको मितिले १६औं दिनको १२:०० बजेभित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सामा उपस्थित भई सिलबन्दी बोलपत्र दर्ता गराउन सकिनेछ।
४. सिलबन्दी बोलपत्र फाराम तथा जमानतबापत्को रकम कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्साको नाममा रहेको राष्ट्रिय वाणिज्य बैंक लिमिटेड, वीरगंज शाखा आदर्शनगरमा रहेको धरौटी खाता नं. १२५०१००२०२०३०००० मा यस कार्यालयको कार्यालय कोड ३१२०२२२०१२ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस भेटेरिनरी अस्पताल तथा पशु विज्ञ केन्द्र, पर्साको नाममा जारी भएको नेपाल सरकार नेपाल राष्ट्र बैंकबाट (क) वर्गको वाणिज्य बैंकको इजाजत प्राप्त बैंकबाट सिलबन्दी बोलपत्र खोल्ने मितिले ७५ दिनको म्याद भएको बिडबण्ड संलग्न गनु पर्नेछ।
५. १६ औं दिनको १२:०० बजे भित्र यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,पर्सामा दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरू सोही दिनको २:०० बजे यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सामा सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थिति र कार्यालय प्रतिनिधिहरूको रोहबरमा खोलिनेछ, सिलबन्दी बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा सिलबन्दी बोलपत्र फारामहरू खोल्न बाधा पर्नेछैन। सिलबन्दी बोलपत्र फाराम खरीद गर्ने अन्तिम दिन तथा दाखिला गर्ने दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरू बिदापछि कार्यालय खोलिएको दिनमा सोही समयमा हुनेछ।
६. प्राप्त भएका सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्सामा सुरक्षित रहनेछ। रीत नपुगेका र म्याद नाघी आएका सिलबन्दी बोलपत्र फारामहरू उपर कुनै कारबाई हुनेछैन।
७. सिलबन्दी बोलपत्र फारामहरूका प्रत्येक आइटम दररेट भ्याटबाहेक अङ्क र अक्षरमा बुझिने गरी भर्नुपर्नेछ। अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
८. सिलबन्दी बोलपत्रसम्बन्धी अन्य शर्तहरू सिलबन्दी बोलपत्र फारामहरूमा उल्लेख गरे अनुसार हुनेछन्।
९. सिलबन्दी बोलपत्रसम्बन्धी सूचना संशोधन भएमा यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, पर्साको सूचना पाटीमा टाँसिने छ।
१०. सिलबन्दी बोलपत्रसम्बन्धी थप जानकारीका लागि यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,पर्सामा कार्यालय समयमा सम्पर्क गर्न सकिनेछ।

| सिलबन्दी बोलपत्र फारामहरू ठेक्का नं. | कामको नाम | लगत अनुमान रकम | सिलबन्दी बोलपत्र फाराम दस्तुर | सिलबन्दी बोलपत्र जमानत रकम रु |
|---|---|---|---|---|
| ०१/२०७७-०७८ | कार्यालय तथा आवास भवन मरम्मत सम्भार | ९२९०९६/६४ | १०००/- | २५२००/- |

# निजगढमा सूचनाको हकसम्बन्धी अन्तर्क्रिया

प्रस, निजगढ, १७ फागुन/

सूचनाको हकसम्बन्धी अन्तर्क्रिया कार्यक्रम सोमवार निजगढमा सम्पन्न सार्वजनिक गर्नुपर्ने बताउँदै सूचना माग गर्ने र सूचना आयोगले तोके अनुसारका क्रियाकलाप गर्नेहरूलाई सम्मान गर्दै मागने, कस्ता खाले सूचना मागने, सूचनानदिए वा नदिने कर्मचारीहरूलाई कस्ता कारबाही हुन्छ भन्ने विषयमा समेत




अन्तर्क्रियामा बोल्दै राष्ट्रिय सुचना आयोगकी सुचना आयुक्त कमला ओली थापा र सहभागीहरू। तस्वीरः प्रतीक

भयो। राष्ट्रिय सूचना आयोगकी सूचना आयुक्त कमला ओली थापाले सूचनाको हक जनताले जान्नै पर्ने बताउँदै यसले पारदर्शिता बढाउने बताइन्। स्थानीय तह, विभिन्न सङ्घसंस्था, राजनीतिक दलहरूले गरेका गतिविधि, क्रियाकलाप पनि प्रत्येक तीन/तीन महीनामा आइरहेको जानकारी दिइन्। सूचना मागदा मात्रै दिनुपर्ने नभई अद्यावधिक गर्दै जानुपर्ने जसले गर्दा नागरिकहरूलाई आवश्यक पर्दा कुनै न कुनै रूपमा जान्न बुझ्न पाउनुपर्ने अधिकारभित्र पर्ने सूचना आयुक्त कमला ओली थापाले बताइन्। सूचनाको हक प्रयोग गर सूचना कसरी उनले जानकारी दिएकी थिइन्।

कार्यक्रमका प्रमुअ अतिथि एवं निजगढ नगरप्रमुख सुरेशकुमार खनालले गरेका थिए। सूचनाको हक भन्न जति सजिलो छ। त्यसलाई कार्यावन्यन गर्न त्यत्ति नै कठिनाइ रहेको नगरप्रमुख खनालले भन्दै सूचनाका हकबारे नगरवासीलाई कोही कसैलाई पनि वञ्चित नगर्ने उनले बताए।

निजगढमा भएको यस कार्यक्रमबाट सहभागीहरूले सूचनालाई कसरी पारदर्शी बनाउने, सूचना कसरी मागने भन्ने कुराको जानकारी पाउनेमा आफू आशावादी रहेको निजगढ नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुमनकुमार कार्कीले मन्तव्य राखे। कार्यक्रममा आयोगका उपसचिव कपिलप्रसाद उपाध्याय, शाखा अधिकृत हरिहर कार्की र आयुक्त थापाले सुचनाको हकको बारे कार्य पत्र पेश गरेका थिए।

कार्यक्रममा स्थानीय जनप्रतिनिधि, विभिन्न सङ्घसंस्थाका प्रमुख तथा प्रतिनिधि, नागरिक, कर्मचारी, सञ्चारकमीलगायतको सहभागिता थियो। राष्ट्रिय सैचना आयोगको आयोजनामा निजगढ नपाको सभाहलमा भएको सो अर्न्तक्रिया कार्यक्रम राष्ट्रिय सुचना आयोगका शाखा अ. डिल्लीराम भटले सञ्चालन गरेका थिए।

# फेला परेको मूर्ति विष्णु भगवान्को भएको दावी

प्रस, सिम्रौनगढ, १७ फागुन/

सिम्रौनगढ नगरपालिका-४ कुराहरूबाट सो मूर्ति भगवान् विष्णुको भएको पुष्टि गरे।



तस्वीरः प्रतीक

हरिहरपुरमा गत शनिवार फेला परेको मूर्ति भगवान् विष्णुको रहेको पुष्टि भएको छ। नेपाल पुरातत्व विभागका अधिकृत सुशीलकुमार गौतमले फागुन १५ गते शनिवार सिम्रौनगढमा फेला परेको मूर्ति भगवान् विष्णुको भएको पुष्टि गरेका हुन्। उनले मूर्तिमा रहेको कमलको फूल, चक्र, शङ्खलगायत अन्य प्राविधिक

रौतहटका विद्वान सन्तोषकुमार साहले पनि सो मूर्ति भगवान् विष्णुको रहेको बताएका छन्। गत शनिवार स्थानीय सुन्दरप्रसाद महतोको खेतमा पोखरी खन्ने क्रममा सो मूर्ति फेला परेको हो। त्यसपछि मूर्तिको आधिकारिकता प्रमाणित गर्न पुरातत्व विभागको टोली सिम्रौनगढ आइपुगेको हो।

## १२४ वटा पक्की....

विनोद यादवले जानकारी दिए। आफूहरूको वर्षौंदेखिको पक्की घरमा बस्ने चाहना पूरा भएकोमा अत्यन्तै खुशी भएको लादोवेलाका छटुट साले बताए।

सङ्घीय सरकारको कार्ययोजनामा परिमार्जन गरेर प्रदेश नं २ सरकारले छानामा भएको बाँसको ठाउँमा फलामको पाइन, भुइँमा माटोको साटो इँटाको सोलिङ्ग गर्ने गरेको मन्त्री सोनलले जानकारी दिए।






# खेलकूदको संसार

## स्थानीय स्तरमा फड्को मार्दै कछडियाबस्तीको फूटबल टीम

प्रस, निजगढ, १७ फागुन/

फूटबल खेलको निरन्तर प्रशिक्षणविना नै निजगढ नगरपालिका-४ कछडियाबस्तीको निजगढ युवा क्लब 'ए' स्थानीयस्तरमा हुने फूटबल खेलमा फड्को मार्दैछ।

निजगढ फूटबल क्लबको आयोजनामा भर्खरै सम्पन्न तेस्रो मेयर कपको उपाधि हात पारेसँगै खेलाडीहरू मात्रै हैनन्, पूरै बस्तीमा खुशियाली छाएको छ। निजगढ नपाको रतनपुरीमा पहिलोपटक शुरू भएको प्रथम मेयर कप फूटबल प्रतियोगिता पनि सोही क्लबले जीत हात पाऱ्यो। सो क्लब स्थानीयस्तरमा अग्रपङ्क्तिमा उभ्याउन दावेदार हुँदै आइरहेको छ। त्यस बेला प्रथम हुने क्लब वा टीमले ५० हजार नगद, ट्रफी, मेडल, प्रमाणपत्रलगायतका पुरस्कार हात पार्न सफल भएका थिए भने निजगढ-९ को शहीद हीरालाल रङ्गशालामा आइतवार भएको आयोजनामा तेस्रो मेयर कप फूटबल फाइनल खेल जीत हात पारेसँगै १ लाख नगद, ट्रफी, मेडल, प्रमाणपलगायतका पुरस्कार प्राप्त गरे।




विगत अढाई दशकयतादेखि अघिल्लो पुस्ता हुँदै अहिलेको पुस्ताले समेत फूटबल खेललाई निरन्तरता दिँदै गर्दा अहिले, नाति, पनाती पुस्ताले जीत हात पार्न थालेको हो।

साबिकको पुरानो निजगढ कछडियाबस्ती हालको निजगढ युवा क्लब 'ए'ले त्यस बेला बर्सेनि हुने फूटबल खेलमा भाग लिए पनि एकाधबाहेकको अन्य प्रतियोगिताको उपाधि हात पार्न सकेका थिएनन्। अहिलेसम्म आइपुग्दा नाति, पनाति पुस्ताले जीत हात पार्दै आएकोमा त्यस बस्तीका अघिल्लो पुस्ताका खेलाडी, छोरा, नाति, पनाति पुस्ताका खेलाडी मात्रै होइनन्, पूरै बस्ती नैं खुशी छन्। ३०/३५ वर्ष उमेर र १५/१६ वर्ष उमेरका पुस्ता मिलेर मेयर कप फूटबल जीत हासिल गर्न सफल भएका छन् भने, पहिलो पुस्ताका अभिभावक, अग्रजहरू निरन्तर खेल खेल्न उनीहरूलाई हौंसाइ रहन्छन्। "राम्रो सम्भावना छ। तर तालीमप्राप्त प्रशिक्षकको व्यवस्था छैन। जसले गर्दा भएका कला, सीप, रहरलाई मनैमा धेरै खेलाडीहरूले मार्नु परिरहेको छ"–दोस्रो पुस्ताका पूर्व स्थानीय खेलाडी वासुदेव चौधरीले भने। स्थानीय तह बलियो भई रहँदा अहिलेसम्म प्रशिक्षकको व्यवस्था गर्न चासो नदिएको अधिकांश अग्रज फूटबल खेलाडी र खेलप्रेमीहरूको भनाइ छ। "हामीले पहिला पुरानो परम्परागत ढङ्गले खेल्यौं। त्यस बेलाको समय नैं त्यस्तै थियो। हामीले खेलेको खेललाई पछ्याउँदै छोरे, नाति, पनाति पुस्ताले खेल्दै आइरहेका छन् पहिलो पुस्ताका राम र लक्ष्मण कुमरले भने। अहिलेसम्म आइपुग्दा प्रविधिसँगै खेलको विकास अघि बढेकोले समय अनुसार उचित व्यवस्था गर्दै प्रशिक्षण दिने हो भने, राम्रो खेलाडी उत्पादन हुने निजगढका दोस्रो पुस्ताका खेलाडी धनबहादुर लामाले भने। कछडियाबस्तीका खेलाडीहरूलाई आफुले ५/७ वर्ष अघि पटक/पटक गरी ५ महीना प्रशिक्षण दिएको उनले बताए।

त्यसयता २०७२ सालको विनाशकारी भूकम्प आउनु केही दिनअघि राष्ट्रिय खेलकूद परिषदबाट फुटबल खेलका प्रशिक्षक सीताराम चौधरीलाई गाउँमैं ल्याइ एक महीना फूटबल खेलको प्रशिक्षण लिएको निजगढ युवा क्लब 'ए' टीमका क्याप्टेन राजकिशोर धामीले बताए। बेलैमा प्रशिक्षक ल्याइ खेलाडीहरूलाई प्रशिक्षण दिन सके। अहिले भएका खेलाडीहरूको गुणस्तर बढ्ने मात्र नभई नयाँ खेलाडीहरू पनि उत्पादन हुने क्याप्टेन धामीले बताए। अहिले सो टीममा एन्फाको छनोटमा परेका जन्मे धामी पनि छन्। उनी अन्डर १६ फ्रि-क्वालिफाइटको छनोटमा परि जोर्डन र भारतमा समेत खेलिसकेको निजगढ युवा क्लब 'ए' टीम क्याप्टेन राजकिशोर धामीले जानकारी दिए।

आफ्ना बस्तीका खेलाडीहरूलाई प्रशिक्षण दिन र नयाँ खेलाडीहरू उत्पादन गर्न मात्रै होइन। निजगढ नगरभरिकै फूटबल खेलाडीहरूका हकमा निजगढ नगरपालिकासँगै वडाले पनि खेल्नुपर्ने भूमिकामा बृहत् छलफल गरी अघि बढ्ने निजगढ नपा-४ का वडाध्यक्ष जयराम कुमरले बताए।

सो कछडियाबस्तीका युवाहरू पढाईका साथै फुटबल खेलमा अत्याधिक रूची राख्छन्। बेला बखतमा समेत जिल्ला बाहिर रहेका आफ्ना समुदायहरू बिच मैत्रीपूर्ण खेल समेत खेल्ने गरेका छन्।

## शहीद स्मारक "बी" डिभिजन लिग : सातदोबाटो शीर्ष स्थानमा

काठमाडौं, १७ फागुन/रासस

शहीद स्मारक 'बी' डिभिजन लिग फूटबल अन्तर्गत सोमवार भएको खेलमा सातदोबाटो युथ क्लब विजयी भएको छ। जीतसँगै सातदोबाटो शीर्ष स्थानमा उक्लेको छ।

ललितपुरको सातदोबाटोस्थित एन्फा कम्प्लेक्सको मैदानमा भएको खेलमा सातदोबाटोले श्री भगवती क्लबलाई १-० गोलअन्तरले पराजित गरेको हो। सातदोबाटोका लागि दोर्जे तामाङले निर्णायक गोल गरेका थिए। उनले खेलको २५औं मिनेटमा पेनाल्टीमार्फत् गोल गरेका थिए।

जीतसँगै सातदोबाटोले आठ खेलमा २२ अङ्क जोडेको छ। यस्तै आठ खेलमा ६ अङ्क जोडेको श्री भगवती क्लब लिगको नवौं स्थानमा छ। लिगमा १२ वटा क्लबले प्रतिस्पर्धा गरिरहेका छन्।

# पूर्वमन्त्रीको गाडीको ठक्करबाट साइकल यात्रु घाइते

प्रस, रौतहट,१७ फागुन/

पूर्वमन्त्री योगेश भट्टराई चढेको गाडीको ठक्करबाट रौतहटमा साइकल यात्री घाइते भएका छन्। भट्टराई चढेको ज.१ झ ४२७ नम्बरको गाडीले रौतहटको चन्द्र निगाहापुरमा ठक्कर दिँदा ५५ वर्षीय इनद्रपसाद घिमिरे घाइते भएका हुन्।

प्रचण्ड-माधव समूहका नेता भट्टराई जनकपुरमा आइतवार आयोजित प्रेस संगठनको कार्यक्रममा सहभागी भई साँझ सवा ७ बजे हेटौंडा तर्फ फर्कने क्रममा सो दुर्घटना भएको थियो।

घाइते घिमिरेलाई उपचारका लागि काठमाडौं पठाइएको रौतहटका प्रहरी उपरीक्षक (एसपी) सिद्धिबिक्रम शाहले जानकारी दिए। नेता भट्टराईले नै स्वयम् घाइतेको उपचारमा चाँसो देखाउँदै काठमाडौं उपचारको लागि पठाएका हुन्। ठक्कर दिने गाडीलाई प्रहरी नियन्त्रणमा लिएको छ।


सार्वजनिक नैतिकता र शिष्टाचारविरूद्धका सामग्रीहरू प्रशारण, प्रदर्शन, बिक्री वितरण गर्नु विद्युतीय कारोबार ऐन २०६३ बाट समेत अपराध ठहरिन्छ। त्यस्तो क्रियाकलाप कतै-कसैबाट भएमा रू. १ लाखसम्मको जरिवाना र ५ वर्षसम्मको कैद सजाय हुन्छ। तसर्थ कहिं कतै त्यस्तो क्रियाकलाप भइरहेको थाहा भएमा देहायका ठेगानामा जानकारी गरौं- गराऔं।

(क) इमेल ठेगानाः
1. siteinfo@nta.gov.np
2. info@nepalpolice.gov.np
3. info@moha.gov.np
4. moicgon@ntc.net.np
5. apf.security division@gmail.com

(ख) लिखित सूचना दिन चाहेमाः
१. गृह मन्त्रालय, शान्ति सुरक्षा शाखा
२. सूचना तथा सञ्चार मन्त्रालय
३. नेपाल दूरसञ्चार प्राधिकरण
प्रहरी प्रधान कार्यालय

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग


## पुस्तैनी मिठाइपसल....

सयवटा गाईपालन गरेर अनमोल एग्रो शुरू गरेको बताउँछन्।

बुबाले अलखियामठनजीक अलख स्वीट्सबाट शुरू गरेको मिठाइ व्यवसायलाई आधुनिक किसिमले वीरगंजबाहिर पहिचान बनाउन थालेपछि आठ वर्षअघि वीरगंजको महावीरस्थानमा अनमोल स्वीट्स सञ्चालन गर्दा सर्राफ परिवारले निकै खुशी महसूस गरेको थियो। दुई साताअघि आदर्शनगर चोकनजीकै अनमोलको तेस्रो आउटलेटको रूपमा सुविधासम्पन्न मिठाइपसल सञ्चालनमा आएको छ।

यसरी होटल व्यवसाय तथा तीनवटा मिठाइपसल र डेरी उद्योग गरी हालसम्म करीब रु १२ करोड लगानी भइसकेको सञ्चालक परिवारको भनाइ छ। आजको समयमा आकर्षक सेवा सुविधाको आशा राख्दै वैदेशिक रोजगारमा जाने युवाहरूलाई आफ्नै देशमा केही गरेर स्थापित हुन सक्ने प्रेरणा सर्राफ परिवारको मिठाइपसलबाट लिन सकिन्छ। निपुले भने, "हामीले शुरूमा बुबाको सानो पसललाई हेटौंडामा विस्तार गरेर अगाडि बढाउन खोज्यौं, तीनैजना दाजुभाइ मेहनत गर्छौं।

९० जनालाई रोजगार दिएका छौं। मनग्य आम्दानी पनि भइरहेको छ। आफ्नो देशमा केही गर्न नसक्ने सोच राख्ने युवाहरूलाई नेपालमैं प्रचुर सम्भावना छ। सही समयमा निर्णय गरेर केही गर्नुपर्छ।"

हेटौंडाको डेरीमा घाटा लागेपछि अहिले २० वटा मात्र गाई पालन गरेको बताउँदै निपुले दैनिक ३ सय लिटर दूधको आवश्यकता रहेको बताए। आफ्नो डेरीबाट डेढ सय लिटर र बाहिरबाट डेढ सय लिटर दूध खरीद गरेर मिठाइका विभिन्न परिकार बनाउने गरेको बताए।

अनमोल स्वीट्स विशुद्ध शाकाहारी भएकोले शाकाहारी पारखीहरूको लागि उचित गन्तव्य पनि हो।

ग्राहकहरूको स्वाद र गुणस्तरलाई मध्यनजर गर्दै अनमोलले आगामी दिनमा प्रदेश २ का अन्य जिल्ला र काठमाडौंमा पनि पसल विस्तार गर्ने लक्ष्य राखेको छ।